# विदेशबाट गरिने मतदानका सम्बन्धमा सम्भाव्यता अध्ययन प्रतिवेदन

**(Report on External/Overseas Voting)**

## निर्वाचन आयोग, नेपाल

**(Election Commission, Nepal)**

## विदेशमा रहेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गर्ने सम्बन्धी सम्भाव्यता अध्ययन समिति

२०६९

# परिच्छेद - १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वमा बढ्दो विश्वव्यापिकरण, बजारिकरण तथा मानव साधनको आयात तथा निर्यात र विज्ञान र प्रविधिले भौगोलिकताभन्दा माथि देश-देश बीचको सम्बन्धलाई अझ निकट र अन्तरसम्बन्धित तुल्याएको छ । विश्वको कुनै एक भू-भागमा भएको घटनाको प्रभाव अन्य भू-भागमा तथा कुनै एक क्षेत्रमा निर्माण भएको ज्ञान र सीप अन्य भौगोलिक क्षेत्रमा समेत उपयोग गर्न थालिसकिएको छ ।

लगभग सन् १९५० तिर विश्व घटनाक्रमको असर नेपालमा कम नै पर्दथ्यो तर १९५० पछि प्रजातन्त्रको पुनः स्थापना पश्चात् नेपाली नागरिकहरुको विश्वका विभिन्न देशहरुमा पँहुच बढ्दै गएको पाइन्छ । नेपालले उदारिकरण र खुला वजार नीति अवलम्वन गरे पश्चात नेपालमा र नेपालको लगानी बढ्दै गएको पाइएको छ । अहिलेका दिनहरुमा नेपालको अर्थतन्त्रको एक महत्वपूर्ण श्रोत विदेशबाट प्राप्त हुने Remittance हुन पुगेको देखिन्छ ।

विश्व इतिहासमा लगभग १५० वर्ष अघि अमेरिकन विस्कन्सिन राज्यबाट औपचारिक रुपमा शुरु भएको भनिने विदेशबाट मतदान गर्ने प्रणाली नेपालको इतिहासमा भने वि.सं. २०३७ सालको जनमत संग्रहमाभन्दा अघि वा पछि कहिल्यै पनि प्रयोग भएको पाइदैन । २०६२/६३ को दोश्रो जनआन्दोलन तथा २०६४ को संविधान सभा निर्वाचन पछि जनमानसमा आएको चेतना, बढ्दो संरचनामा विदेशमा रहेका नेपाली नागरिकको संस्था र विज्ञान प्रविधिको विकासले नेपालमा पनि विदेशबाट मत दिन पाउने व्यवस्था हुनु पर्ने सम्बन्धमा आवाज उठेको पाइन्छ ।

विभिन्न राजनीतिक दलहरु, तिनीहरुका भातृ संगठनहरु तथा गैर आवासिय नेपाल महासंघले विदेशबाट नामदर्ता गर्ने र मत दिने व्यवस्था गराउन निर्वाचन आयोगलाई अनुरोध गरेका थिए । उनीहरुको माग र देशको विश्व व्यवस्थामा क्रमिक प्रवेशलाई ध्यानमा राखेर निर्वाचन

आयोगले विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन समिति गठन गर्‍यो र सो समितिले निर्धारित दुई महिनासम्म अध्ययन गरी यो प्रतिवेदन बुझाएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यो अध्ययनको उद्देश्य विदेशमा रहेका नेपाली नागरिकहरुलाई हालको परिप्रेक्ष्यमा मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्नु रहेको छ ।

## १.३ अध्ययनको महत्व

यस सम्भाव्यता अध्ययनको महत्वलाई निम्नानुसार दिन सकिन्छ :-

(क) हालको परिप्रेक्ष्यमा विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्न सकिने सम्बन्धमा वास्तविकता उजागर गर्न,

(ख) प्रजातन्त्र, मतदान तथा मताधिकार सम्बन्धमा आवश्यक नीति तयार पारी सहयोग गर्न,

(ग) विदेशबाट नामावली तथा मतदान गर्दा के कस्ता भौतिक, आर्थिक तथा प्राविधिक पूर्वाधारहरु आवश्यक पर्दछन् भन्ने कुरा थाहा पाउन,

(घ) विदेशबाट गरिने नामदर्ता तथा मतदाताका विश्वमा प्रचलित तरिका तथा प्रकृयाहरु थाहा पाउन,

(ङ) भविष्यमा यस विषयमा अनुसन्धान गर्दा आवश्यक सूचना तथा जानकारीहरु उपलब्ध गराउन ।

## १.४ अध्ययन समिति

निर्वाचन आयोगको मिति २०६८/१२/३० को निर्णयानुसार विदेशमा रहेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा देहायबमोजिमको सम्भाव्यता अध्ययन समिति गठन भएको थियो :-

| | | |
|---|---|---|
| (क) | सचिव, निर्वाचन आयोग | संयोजक |
| (ख) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |

| | | |
|---|---|---|
| (ग) | सहसचिव, गृह मन्त्रालय | सदस्य |
| (घ) | सहसचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| (ङ) | सहसचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (च) | अध्यक्ष, गैरआवासीय नेपाली संघ | सदस्य |
| (छ) | सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, निर्वाचन आयोग | सदस्य-सचिव |

(समितिका सदस्यहरुको नामावली अनुसूची ........मा दिइएको छ ।)

# परिच्छेद - २

## सन्दर्भ साहित्यको पुनरावलोकन

## (Literature Review)

### २.१ केही सैद्धान्तिक पक्षहरु

विदेशमा अस्थायी वा स्थायी रुपमा बस्ने केही तथा सबै मतदाताहरुलाई विदेशबाटै मताधिकार प्रयोग गर्न सक्ने अवस्था सृजना गर्ने व्यवस्था तथा प्रकृयालाई समग्रमा विदेशबाट गरिने मतदानको व्यवस्था भनिन्छ ।

सामाजिक सास्कृतिक विश्वव्यापिकरण तथा विश्वव्यापी प्रजातान्त्रिकरणको वर्तमान प्रकृयामा विदेशबाट भोट दिन पाउने व्यवस्था समावेशिकरणका लागि सहायक मानिन्छ । त्यसैगरी प्रविधिको विकासले पनि यसलाई अझ सहयोग गरेको छ । त्यसैगरी अन्तराष्ट्रिय स्तरमा कार्य गर्ने संगठनहरुले पनि विदेशबाट भोट गर्ने अवस्थाको विकास गर्न सहयोग गर्दै आएका छन् ।

विदेशमा रहेका नागरिकलाई मताधिकार दिने सम्बन्धमा १९९० को International Convention on the Protection of the Rights of All Migrant workers को वाक्य "Migrant workers and members of their families shall have the right to participate in public affairs of their States of origin and to vote and to be elected at the elections of that State in accordance with its legislation" ले यस सम्बन्धमा स्पष्ट बल दिएको छ ।

विदेशमा रहेका नागरिकलाई मताधिकार दिने ब्यवस्थाका सम्बन्धमा निर्णय गर्दा आउन सक्ने समस्याहरु र समाधानका उपायहरुका बारे सैद्दान्तिक र ब्यवहारिक पक्षहरुमा बिस्तृत अध्ययन गर्नू पर्दछ भन्दै Dieter Nohlen and Florian Grotz लेख्दछन "Political elites are not generally familiar with the normative arguments in favor of or against external voting. Nor do they consider the potential problems arising out of such an extension of voting rights." त्यसैगरी विदेशबाट गरिने मतदानको पक्ष वा

विपक्षमा निर्णय गर्दा विचार गर्नुपर्ने तीन कुरालाई Dieter Nohlen and Florian Grotz ले निम्नानुसार दिएका छन्:

(क) नागरिकता प्रदान गर्ने देशमा नबस्ने वा सम्बन्धित देशमा नबस्ने नागरिकको राजनीतिक प्रतिनिधित्व तथा देश बाहिर रहनेले निर्वाचन मार्फत गर्ने निर्णयले देशभित्र रहनेलाई पार्ने प्रभाव सम्बन्धी कुरा,

(ख) निर्वाचनमा वदमासीको पारदर्शिता, दलहरुको समान प्रतिस्पर्धा, निर्वाचन प्रकृयामा पारदर्शिता तथा संगठनात्मक समस्या र आफ्नो देशको सीमा क्षेत्रभन्दा बाहिर गएर निर्वाचन व्यवस्थापन गर्ने सम्बन्धी कुरा,

(ग) आफ्नो न्यायिक क्षेत्रभन्दा बाहिर वैदेशिक भूमिमा हुने निर्वाचन विवाद समाधानको कुरा ।

विदेशमा रहेका कस्ता योग्यता पुगेका नागरिकलाई मताधिकार दिने भन्ने प्रश्नमा Phil Greeen लेख्दछन "As with so many other aspects of the electoral process; there is no single 'correct' way of deciding who should be entitled to vote externally. A model that will suit one country may be totally inappropriate in another".

विदेशबाट गरिने मतादानका सम्बन्धमा सर्वप्रथम सुरुगर्दा आफ्ना नागरिक रहे जतिका सबै देशमा सुरु गर्न सकिंदैन भन्ने मान्यता छ । अतः बिभिन्न देशहरुले फरक फरक संख्यामा सुरु गरेका थिए । जस्तैः

(क) डोमिनिकन रिपब्लिक - पहिलोपटक ५ देशमा

(ख) मोजाम्बिक - ९ देशमा

(ग) सेनेगल - १५ देशमा

(घ) अफगानिस्थान - २ देशमा

(ङ) होन्डुरस - अमेरिकाका ६ शहरमा प्रयोग गरेका थिए ।

विदेशमा रहेका नागरिकलाई दिने मताधिकार सामान्यतया प्रजातन्त्रको मापन नभै राजनीतिक कुरा हो भन्दै Peter Erban, Ben Goldsmith र Aysha Shujaat (2012 April) लेख्छन् "Many countries around the world have large diasporas – groups of citizens who live outside of the country's territory – who may demand inclusion in the electoral process of their country of origin. The enfranchisement of the diaspora is not generally deemed a democratic standard, but is an option every democracy has to consider. Politicians wishing to tap into this potentially significant pool of voters will often insist that such citizens be allowed to participate."

विदेशबाट गरिने मतदानका सम्बन्धमा Peter Erban, Ben Goldsmith र Aysha Shujaat लेख्छन् कि देशभित्र गरिने मतदान भन्दा विदेशमा गरिने मतदान महँगो हुन्छ । उनीहरुले लागतलाई केही देशका लागि "Prohibitively Expensive" हुने कुरा समेत उल्ले खगरेका छन् । उनीहरुकै वाक्यांस लिंदा "International experience shows that nationally conducted elections typically cost in the range of US$1-2 per registered voter. Out-of-country voting operations often cost at least five to 10 times more, depending on the way a voter casts a ballot, resulting in a cost of US$5-20 per voter" भनिएको छ ।

विदेशमा काम गर्ने वा बस्ने नागरिकको संख्या बढ्दै जाँदा विदेशबाट मत दिन पाउने व्यवस्थाको माग हुनु तथा मताधिकार दिनु सामान्य नै मानिन्छ । तर Peter, Ben र Aysha का अनुसार यसले त झन जटील र अस्वभाविक समस्या निम्त्याउन सक्दछ । यसमा उनीहरुको भनाई छ "This is especially the case when a nation has a large diaspora population compared to the domestic population. In such cases,

the diaspora can have a more substantial influence on the electoral result. For many, it will be unacceptable for a population no longer residing in the country to have such influence when they do not have to live with the results of the election on a daily basis.

यद्यपि कुन मतदान प्रकृया अपनाइन्छ भन्नेमा Electoral fraud निर्भर रहन्छ तर विदेशबाट गरिने मतदानमा वास्तविक फ्रड हुने तथा फ्रडको शंका दुवै खालका समस्या आउने हुन्छन । यो त Black Box जस्तो हुन सक्दछ भन्दै Peter, Ben र Ashya लेख्दछन् Out-of-country voting operations are much more susceptible to actual fraud and perceptions of fraud than in-country voting. The methodology used will have a significant influence on this, with in-person voting methodologies providing more opportunity for security than postal or internet methodologies. However, even in-person methodologies are more difficult for the EMB to supervise and control as election administration staff is not present and it is unlikely that the process of out-of-country voting will be observed by independent observers or party agents. This lack of observation leads to a lack of transparency. This lack of transparency can create a perception of fraud. It is like a black box.

अन्ततः गैर आवासीय नेपाली संघका तर्फबाट गैर आवासीय नेपाली संघका अध्यक्षले निर्वाचन आयोग अन्तरगत रहेको विदेशमा रहेका नेपालीहरुलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा गठित सम्भाव्यता अध्ययन समितिलाई वुझाएको प्रतिवेदनको निष्कर्षको रुपमा रहेको Phil Green को IDEA Handbook "Voting from Aboard को पेज नं १०१-१०२ मा रहेको लेख अंश तथा Peter Erban, Ben Gold Smith र Aysha Shajaat ले Out of Country Voting A Brief Overview (2012) मा प्रस्तुत गरेका तर्फ तथा विश्लेषण विदेशबाट गरिने मतदानका सम्बन्धमा उस्तै खालका पाइन्छन र यसलाई सोही लेख अंश "As with so many other aspects of the electoral process, there is no single ‘correct’ way of deciding who should be entitled to vote externally. A model that will suit one country

may be totally inappropriate in another. For example, it may be feasible to allow any citizen of a country to vote externally, regardless of their intention to return, where the population of the home country is large and the voting influence of expatriates would not be expected to outweigh that of the home population. On the other hand, a country with a small population and a relatively large number of expatriates might be wary of handing electoral influence to a body of persons who may no longer have a direct interest in their home country.

In attempting to specify 'best practice' principles to guide those who are considering adopting or amending external voting eligibility criteria, it may be worthwhile to consider the purpose of the franchise. The franchise is the right to vote for elected representatives. Its purpose is to allow persons to elect representatives to sit in parliament and/or the executive and to determine and administer laws on their behalf. It would therefore appear reasonable to limit the right to vote to those who have a direct interest in the determination and administration of those laws. However, if it is accepted that the franchise should *only* be granted to those with a direct interest in the process, it follows that extending the right to vote to absent citizens who have no intention to return to the home country—or to persons who hold dual citizenship and are permanent residents in another country where they are also citizens—may be seen as too generous. Indeed, it could be argued that a country's sovereignty could be at risk if its representatives are elected in part by voters who reside abroad........" (Phil Green) ले समेटेको छ ।

## २.२ ऐतिहासिक पृष्ठभूमि

रोमको इम्पेरोर अगस्टसले नयाँ बनेका २८ ओटा कोलोनीका स्थानीय सिनेटका सदस्यहरुलाई रोमका शहरी कार्यालयहरुमा प्रतिनिधित्व गर्न प्रतिनिधि छान्न मत दिई सिल गरी रोममा पठाउने व्यवस्था गरेका थिए भनिन्छ । यो पुरै राजनीतिक महत्वको घटना थियो ।

पछिल्लो समयमा प्रथम पटक १८६२ मा अमेरिकाका राज्यहरु मध्ये विस्कन्सीनले सैनिकहरुलाई विदेशबाट मत दिन पाउने व्यवस्था गरेको थियो । तत्कालीन रिपब्लिकन समर्थकहरुले यो व्यवस्था ल्याउन पहल गरेका थिए किनकि रिपब्लिकन पक्षका अब्राहम लिङ्कनलाई विदेशमा रहेका सैनिकहरुले सहयोग हुने भन्ने आश तिनिहरुलाई थियो । अतः यो पनि राजनीतिक महत्वको थियो न कि कुनै प्रजातान्त्रिक ।

त्यस्तै न्युजिल्याण्डले सन् १८९० र अष्ट्रेलियाले १९०२ मा यो व्यवस्था गरेका थिए । त्यस्तै क्यानडाले १९१५ मा यो व्यवस्था गरेको थियो । तत्कालीन समयको क्यानडाको युनियनिस्ट सरकारलाई विदेशमा रहेका यसका सेवाले यसलाई सहयोग गर्दछन् भन्ने लागेर त्यस सरकारले यो व्यवस्था गरेको थियो भनिन्छ यसर्थ यसमा पनि राजनीतिक महत्व नै पाइएको छ ।

सामान्यतया अन्य सांस्कृतिक र प्रशासनिक प्रकृयाहरु जस्तै विदेशबाट मत दिने व्यवस्था पनि कोलोवियल राष्ट्रहरुबाट नयाँ रुपमा स्थापित स्वतन्त्र राष्ट्रहरुमा हस्तान्तरित व्यवस्था भनिन्छ । जस्तो कि मलेसियाले यो व्यवस्था जहिले यो कोलोनीको रुपमा थियो सोही वेलादेखि अपनाएको देखिन्छ ।

विदेशबाट भोट दिने व्यवस्था सन् २००७ मा करिब ११५ देशमा थियो तर सबै देशले आफ्ना सबै विदेशमा रहेका नागरिकलाई मत दिने अधिकार प्रदान गरेको पाईएन । त्यसमा पनि कस-कसलाई यो अधिकार दिने, कुन- कुन अवस्थामा दिने, कसरी भोट खसाल्न दिने, कहाँ भोट खसाल्न दिने, कुन निर्वाचनमा भोट खसाल्न दिने, कती मतदाता हुने, उनीहरुको भोट दिने स्थान कुन हो र दुरी कति छ तथा वित्तिय, प्रशासनिक, राजनीतिक र सामग्रीको पर्याप्तता कति छ आदी कुराले विदेशबाट भोट दिने व्यवस्थाका सम्बन्धमा प्रभावित गर्दछ ।

राजनीतिक, प्रशासनिक तथा सामग्रीका कारणले कानुनी रुपमा विदेशबाट भोट दिने व्यवस्था भएपनि केही देशमा कार्यान्वयन गरिएको पाईदैन । जस्तै : मोजाम्वीउमा १९९० मा नै कानुनतः विदेशबाट भोट दिने व्यवस्था गरिए पनि करिब १४ बर्ष पछि २००४ मा आएर यो कार्यान्वयन गरियो । अङ्गोलामा १९९२ बाट निर्वाचन कानुनले विदेशमा रहेका नागरिकहरुलाई निर्वाचनमा मतदिने मताधिकार दिएको छ । कुटनितिक नियोगहरुमा नामावली दर्ता किताब राख्ने र सोही स्थानमा व्यक्तिले मत खसाउन सक्ने व्यवस्था पनि गरेको छ तर कार्यान्वयन गरिएको छैन । त्यस्तै बोलिभियाको अवस्था पनि त्यस्तै छ । १९९१ बाट निर्वाचन कानुनले विदेशमा रहेको बोलिभियनहरुले राष्ट्रपती र उपराष्ट्रपतीको चुनावमा भोट दिनु पाउने व्यवस्था गरेको भएपनि कार्यान्वयन भएको छैन ।

सरसर्ती हेर्दा विदेशबाट भोट दिने व्यवस्था प्रायः दिगो भएको पनि देखिंदैन । यो व्यवस्था सृजना गर्ने र हटाउने घटनाहरु विभिन्न देशमा भैरहेको पाइन्छ । जस्तो कुक इजल्याण्डमा राजनीतिक दलहरुले विदेशमा मतदाता उठाउने तथा फ्लाइट किनेर मतदाता ल्याउने जस्ता अस्वस्थ प्रतिस्पर्धा पनि गरेको पाइन्छ ।

इतिहासमा पूर्वी टिमोरमा external voting थियो तर विविध कारणले हाल यो व्यवस्था त्यहाँ हटाइएको छ । त्यसै गरी कम्बोडियाले १९९० मा प्रयोग गरेको थियो तर हाल छैन । २००७ को IDEA को अध्ययन अनुसार External Voting को व्यवस्था रहेका देशहरुको संख्या बिचार गर्दा अमेरिकन क्षेत्रमा- १६, एसियन क्षेत्रमा- २०, युरोपियन क्षेत्रमा- ४१, प्यासिफिक क्षेत्रमा- १० गरी जम्मा-१९५ रहेको देखिन्छ ।

# परिच्छेद् ३

# अन्य देशको अभ्यास सम्बन्धी अध्ययन

## ३.१ केही देशको व्यावहारिक अभ्यास

पूर्व मतदान, अनुपस्थित मतदान तथा देशबाहिरबाट मतदान गर्ने प्रचलन विभिन्न देशहरुमा रहेको पाइन्छ । विभिन्न स्रोत सामग्रीको अध्ययन र निर्वाचन आयोगबाट फिलिपिन्स्, थाइल्याण्ड र गणतन्त्र कोरियाको स्थलगत भ्रमणका आधारमा प्राप्त प्रतिवेदनको उदाहरणबाट यस सम्बन्धी केही अभ्यासबारेमा यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### (क) इण्डोनेसियाको अभ्यास

यहाँ व्यवस्थित कुटनीतिक नियोगहरुबाट मतदान गर्ने व्यवस्था रहेको छ । यसका नियोगहरुमा विदेशबाट मतदान गर्ने सम्बन्धी छुट्टै समिति बनाइन्छ र सो समितिले नामदर्ता, मतदान तथा मतगणना गर्ने जस्ता कार्य गर्दछ । समग्रमा विदेशबाट गरिने मतदान प्रकृया सबै परराष्ट्र मन्त्रालयले व्यवस्था गरेको पाइन्छ । विदेशमा रहेका योग्यता पुगेका नागरिक व्यक्ति नै उपस्थित भएर, इमेलबाट वा हुलाकबाट नियोगमा नामदर्ता गर्न सक्दछन् ।

### (ख) जिम्वावेको अभ्यास

यहाँ यो व्यवस्था १९८० बाट शुरु भएको थियो । यहाँ सरकारी कामको सिलसिलामा विदेशमा रहेका नागरिकले हुलाकबाट मतदान गर्ने व्यवस्था छ भने नियोगहरुमा भोट दिने व्यवस्था छैन । यहाँ मत खसाउने भन्दा १० दिन अगावै हुलाकबाट निवेदन दिई मतपत्र प्राप्त गर्नु पर्ने र यसरी आएका निवेदनहरु सार्वजनिक रुपमा हेर्न सकिने गरी निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म राख्नु पर्ने व्यवस्था छ । यहाँ विदेशमा बस्ने सर्वसाधारण नागरिकको संख्या बढ्दो छ र सबैलाई विदेशबाट मत दिने अधिकार हुनु पर्ने माग पनि बढ्दो छ । तर सरकार सबैलाई मताधिकार दिनु पर्ने कुरामा वाध्य छैन भन्ने अडानमा छ भने यहाँको सर्वोच्च

अदालतले पनि बाहिरबाट सबैले मत दिन पाउनु पर्ने भनेर वेलायतमा बस्ने जिम्वावीवेनहरुले गरेको अपिल पनि हटाइ दिएको छ ।

### (ग) मोजाम्विकको अभ्यास

यहाँ पनि कुटनीतिक नियोग तथा दुतावासमा मतदान गर्ने व्यवस्था छ । तर नियोग तथा दुतावासहरुमा मतदान प्रकृया गराउन पहिला राष्ट्रिय निर्वाचन आयोगलाई यहाँको अनुगमन तथा नियन्त्रण तथा अन्य व्यवस्था राम्रो छ भन्ने लागेमा मात्र ती नियोग तथा दुतावासहरुमा निर्वाचन सञ्चालन गर्न पाइन्छ । यस्तो अवस्था निर्धारण गर्ने विषयमा धेरै विवाद हुने गरेको पाइन्छ । त्यसै गरी नामदर्ता गर्दा सम्बन्धित देशमा रहेको नियोग मार्फत प्राप्त तथ्याङ्क अनुसार एक हजार भन्दा कम नागरिक भएको देशमा नामदर्ता नै गरिदैन ।

### (घ) पोर्चुगलको अभ्यास

यहाँ १९७४ देखि विदेशबाट भोट दिने व्यवस्था आएको थियो तर पछि क्रमिक रुपले सुधारिदै आएर १९९७ मा विदेशमा बस्ने पोर्चुगीजले राष्ट्रपतिय, राष्ट्रिय, जनमत संग्रह तथा विधायिकी निर्वाचन समेतमा सहभागी हुन पाए । तर जति विदेशबाट मत दिन सक्ने निर्वाचनका प्रकार र प्रकृयामा सुधार गरे पनि उनीहरुको विदेशबाट हुने सहभागिता न्युन रह्यो । जस्तो २००५ मा भएको निर्वाचनमा १,४६,३५८ को दर्ता भएकोमा ३६,९३८ मात्र सहभागी भएका थिए र जुनकुरा २००१ को विधायिकी निर्वाचनमा समेत स्पष्ट देखिन्छ । पोर्चुगलको व्यवस्था अनुसार नियोगहरुमा नामदर्ता गर्न सकिन्छ तर निर्वाचनको प्रकार अनुसार फरक फरक योग्यता चाँही आवश्यक पर्दछ । त्यसै गरी निर्वाचनको प्रकार (राष्ट्रपतिय, राष्ट्रिय परिषद्को तथा विधायिकी) अनुसार व्यक्ति स्वयम् वा हुलाकबाट फरक फरक रुपमा मतदान कार्यमा सहभागी हुनु पर्ने व्यवस्था छ ।

### (ङ) क्यानडाको अभ्यास

निरन्तर रुपमा ५ वर्ष भन्दा कम समय विदेशमा बस्ने र क्यानडा फर्कने निश्चित भएका क्यानडियनहरुले गैरआवासीय क्यानडियन खातामा नाम दर्ता गराउन सक्दछन् । तर सैनिक, निजामती कर्मचारी तथा तिनीहरुका परिवारहरुले भने सोझै नाम दर्ता गराउन सक्दछन् ।

## (च) फिलिपिन्सको अभ्यास (अध्ययन भ्रमणको प्रतिवेदन अनुसार)

### (१) फिलिपिन्समा वैदेशिक अनुपस्थित मतदान

विदेशबाट मतदान गर्ने कार्य भएकोले त्यसको संवैधानिक र नीतिगत व्यवस्थाबाट प्रक्रिया आरम्भ हुन्छ । फिलिपिन्सको सन्दर्भमा पनि सो मुलुकको संविधानबाट वैदेशिक अनुपस्थित मतदानसम्बन्धी व्यवस्था गरेर प्रक्रिया आरम्भ भएको देखिन्छ ।

**(अ) कानूनी एवं नीतिगत व्यवस्था :** फिलिपिन्समा सन् १९८७ मा संविधानमा वैदेशिक अनुपस्थित मतदानसम्बन्धी व्यवस्थालाई समावेश गरिएको थियो उक्त व्यवस्था यसप्रकार थियो:

*The Congress shall provide a system for securing the secrecy and sancity of the ballot as well as a system for absentee voting by quallified Filippines abroad.*

फिलिपिन्सको संविधानमा वैदेशिक अनुपस्थित मतदानसम्बन्धी व्यवस्थालाई सन् १९८७ मै समावेश गरिएपनि Republic Act 1989 बाट सन् २००३ मा मात्र वैदेशिक अनुपस्थित मतदान कानून ल्याई प्रक्रिया अगाडि बढाइयो । यसरी हेर्दा संविधानमा व्यवस्था भएर पनि तत्सम्बन्धी कानून वन्न १६ वर्ष लागेको उदाहरण फिलिपिन्समा देखिन्छ । उक्त कानूनले वैदेशिक अनुपस्थित मतदानलाई राज्यको मुख्य जिम्मेवारीको रुपमा उक्त ऐनको दाफा २ मा यसरी व्यवस्था गरेको छ:

> *It is the prome duty of the state to provide a system of honest and orderly overseas absentee voting that upholds the secrecy and sancity of the ballot. Towards this end, the state ensures equal opportunity to all qualified citizens of the Philippines abroad in the exercise of the fundamental right.*

वैदेशिक अनुपस्थित मतदान ऐन, २००३ पनि भनिने उक्त ऐनमा मतदानको दिनसम्म १८ वर्ष उमेर पुरा गरेका विदेशमा रहेको फिलिपिनी नागरिकहरुले राष्ट्रपति, उपराष्ट्रपति, सिनेटर र दल–सूचीका उम्मेदवारहरुलाई मत दिन पाउने व्यवस्था गरिएको छ । उक्त ऐनमा मतदाता नामावली दर्ता र सुनुवाइ, दावी विरोध, अन्तिम नामावली एवं मतदाताको परिचयपत्र दिने व्यवस्थालाई पनि उल्लेख गरिएको छ । उक्त ऐनको दफा १० मा निर्वाचन आयोगले दूतावास, कन्सुलेट र अन्य नियोगहरु मार्फत निर्वाचनको स्थान, मिति र समय सार्वजनिक गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा १६ मा मतदाताले मतदानको ३० दिन अगाडिदेखि मतदान गर्न पाउने व्यवस्था गरेको छ । उक्त व्यवस्था अन्तर्गत व्यक्ति स्वयं उपस्थित भई गरिने मतदान, हुलाकद्वारा गरिने मतदान, इन्टरनेटद्वारा मतदान र स्वचालित पद्दति, मेशिन प्रयोग गरी मतदान गर्ने विधि निर्धारण गरिएको छ । मतदानस्थलमै मतगणना हुने र नतिजा सम्प्रेषण गर्ने (Canvassing) विधि उल्लेख भएको छ । निर्वाचन आयोगले आवश्यक नियमहरु बनाउन सक्ने, मतदाता शिक्षाका कार्यक्रमहरु संचालन गर्नसक्ने, सम्पूर्ण सरकारी निकायहरुले यस सम्बन्धमा आयोगलाई सहयोग गर्नुपर्ने, मतदानको गोपनीयता र सुरक्षा आयोगले निर्धारण गर्ने साथै उक्त विषयलाई हेर्न Joint Congressional Oversight Committee को व्यवस्था पनि उक्त ऐनमा भएको छ ।

**(आ) संस्थागत व्यवस्थाः** वैदेशिक अनुपस्थित मतदान समिति (Committee on overseas absentee voting) नै यो मतदान प्रक्रियाको व्यवस्थापन गर्ने मुख्य संस्थागत संयन्त्र हो । यस समितिको मुख्य दुइटा जिम्मेवारी–वैदेशिक अनुपस्थित मतदान प्रक्रियाको मतदानको गोपनीयता र वैधता सुनिश्चित गर्ने र वैदेशिक अनुपस्थित मतदान प्रक्रियाको प्रभावकारी कार्यान्वयन एवं अनुगमन गर्ने हो । उक्त समितिमा निर्वाचन आयोगका एक जना आयुक्त अध्यक्ष र निर्वाचन आयोगका वरिष्ठ अधिकृतहरु सदस्य हुने व्यवस्था छ ।

वैदेशिक अनुपस्थित मतदान ऐन, २००३ मा वैदेशिक अनुपस्थित मतदान व्यवस्था सम्बन्धमा आयोगले आवश्यक व्यवस्था गर्नसक्ने भन्ने आधारमा उक्त समिति (COAV) गठन भएको पाइन्छ । हाल उक्त समितिका अध्यक्ष निर्वाचन आयुक्त Lucenito N. Tagle रहेका छन् । उक्त समितिको आफ्नो छुट्टै सचिवालय रहेको छ । उक्त समितिका कार्यहरु देहायबमोजिम छन्ः

(१) वैदेशिक अनुपस्थित मतदान प्रक्रिया कार्यान्वयन गर्ने,

(२) वैदेशिक अनुपस्थित मतदाताहरुको नामदर्ता र मतदान संचालनको लागि आवश्यक नियमहरुको मस्यौदा तयार गरी स्वीकृतिको लागि निर्वाचन आयोगमा पेश गर्ने,

(३) वैदेशिक मामिला विभाग र अन्य सम्वद्ध सरकारी निकायहरुसँग समन्वय गर्ने,

(४) वैदेशिक अनुपस्थित मतदाताको प्रमाणित सूची तयार गरी स्वीकृतिको लागि आयोगमा पेश गर्ने,

(५) वैदेशिक अनुपस्थित मतदानका लागि योग्य मतदाताहरुलाई लक्षित गरी मतदाता शिक्षाका कार्यक्रमहरु संचालन गर्ने,

(६) अन्य आवश्यक कार्यहरु गर्ने ।

उक्त समितिको अतिरिक्त यस विषयमा समग्र व्यवस्थापकीय र नीतिगत रुपमा जिम्मेवार निकाय फिलिपिन्सको निर्वाचन आयोग नै हो । त्यस अतिरिक्त माथि उल्लेखित ऐनले संयुक्त संसदीय समितिको पनि व्यवस्था गरेको छ, जसलाई Joint Congressional Ovesight Committee पनि भनिन्छ । त्यस्तै वैदेशिक अनुपस्थित मतदानसम्बन्धी समिति (COAV) सँग सहकार्य गर्ने अन्य सरकारी निकायहरु हुन् – वैदेशिक मामिला विभाग, श्रम तथा रोजगार विभाग, यातायात तथा संचार विभाग, फिलिपिन्स हुलाक कर्पोरेशन, फिलिपन्स वैदेशिक रोजगार प्रशासन, वैदेशिक कामदार कल्याण प्रशासन, फिलिपिन्स वैदेशिक आयोग, अध्यागमन व्यूरो र अन्य सरकारी निकायहरु । यी सहकार्यात्मक संगठनहरुको भूमिका निम्न बमोजिम रहेको देखिन्छः

(१) निर्वाचन आयोगलाई वैदेशिक अनुपस्थित मतदान व्यवस्था कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

(२) निर्वाचन आयोगलाई आवश्यक पर्ने निर्वाचन सँग सम्बन्धित कार्यहरु गर्ने,

(३) वैदेशिक अनुपस्थित मतदाताहरुको नाम दर्ताको क्रममा साधन तथा सुविधाहरु, कर्मचारी र संयन्त्र उपलब्ध गराउने ।

**(इ) विधि एवं प्रक्रियागत व्यवस्था :** वैदेशिक अनुपस्थित मतदान ऐन, २००३ ले मुख्य मुख्य कानूनी व्यवस्था गरी अन्य नीतिगत र कार्यविधिगत व्यवस्था निर्वाचन आयोगले नै निर्धारण गर्नसक्नेगरी अधिकार प्रदान गरेको छ । सो अनुसार आवश्यक नियमहरु एवं कार्यविधिसम्बन्धी व्यवस्था निर्वाचन आयुक्तको अध्यक्षतामा रहेको वैदेशिक अनुपस्थित मतदानसम्बन्धी समितिले मस्यौदा तयार गरी आयोगको निर्णयको लागि पेश गर्ने गर्दछ । वैदेशिक अनुपस्थित मतदान कार्यलाई व्यवस्थित गर्न आयोगले नामदर्ता र सुनुवाइसम्बन्धी प्रकृया, निर्वाचन मिति र केन्द्र निर्धारण व्यवस्था, मतदानको विधि र प्रक्रिया, मतगणना र नतिजा सम्प्रेषण व्यवस्थासम्बन्धी कार्यविधि आयोगले नै लागू गर्दै कार्यान्वयन गराउने गरेको छ ।

**(ई) नामावली सङ्कलन तथा मतदाता दर्ता व्यवस्था :** फिलिपिन्समा देशभित्रै रहेका मतदाताहरुको नामदर्ता र मतदाता परिचयपत्रसम्बन्धी व्यवस्थाको अतिरिक्त वैदेशिक अनुपस्थित मतदाताको छुट्टै नामदर्ता प्रक्रिया रहेको छ । वैदेशिक अनुपस्थित मतदाताहरुको नामदर्ता तथा स्थानान्तरणसम्बन्धी कार्य गर्ने जिम्मेवारी विभिन्न मुलुकका लागि फिलिपिन्सको दूतावासहरु, कन्सुलर कार्यालयहरु र अन्य वैदेशिक सेवासम्बन्धी निकायहरुलाई तोकिएको छ । यी दर्ता केन्द्र वाहेकका स्थानहरुमा Field Registration को रुपमा बाहिरी शहरहरुमा अन्यत्र पनि Sattelite registration सम्बन्धी कार्य गर्ने गरिन्छ । फिलिपिन्स भित्रै एयरपोर्ट भित्रको दर्ता केन्द्र लगायत विभिन्न निकायहरुमा दर्ता गरिन्छ । मतदाता नामावली दर्ताको लागि विदेशमा रहेका फिलिपिनो नागरिकहरुलाई लक्षित गरी सूचना जारी गरिन्छ । नामदर्ताको लागि निम्न योग्यता पुगेको वा अवस्था भएको हुनुपर्छ :

(क) निर्वाचनको वेला विदेशमा भएको हुने,

(ख) निर्वाचनको दिनसम्म १८ वर्ष उमेर पूरा भएको,

(ग) कुनै कानूनले अयोग्य नभएको,

(घ) दोहोरो नागरिकता प्राप्तिको सुविधा अन्तर्गत फिलिपिन्सको नागरिकता पुन प्राप्त गरेको वा कायम राखेको ।

दर्ताको लागि कम्तिमा हप्ताको ५ दिन (जुनसुकै २ दिन विदा हुनसक्छ) मध्ये कुनै दिन उपस्थित हुन सकिन्छ । दर्तास्थल विदेशस्थित फिलिपिनी दूतावास, कन्सुलर कार्यालय वा अन्य विदेशस्थित फिलिपिनी नियोग हुनसक्छ । फिलिपिन्स भित्रै दर्ताको लागि प्रस्थान पूर्व एयरपोर्ट, फिलिपिनी वैदेशिक आयोग, फिलिपिनी वैदेशिक रोजगारी निकाय, वैदेशिक रोजगारी कल्याण निकाय, सामुद्रिक यात्रुका लागि तोकिएको एजेन्सी तथा फिल्ड वा घुम्ती दर्ताको लागि सम्बन्धित मुलुकको स्वीकृतिले खटाउन सकिने व्यवस्था छ ।

दर्ता हुन इच्छुक फिलिपिनी नागरिकले पासपोर्ट वा वैदेशिक मामिला विभागले पासपोर्ट सरह हुनेगरी जारी गरेको प्रमाणित कागजात, द्वैध नागरिकता प्राप्त व्यक्तिले फिलिपिन्सको नागरिकता कायम राखेको आदेश तथा सामुद्रिक यात्रुको लागि Seaman's Book वा नाविक हो भन्ने प्रमाणित हुने कुनै कागजात पेश गर्नुपर्छ ।

दर्ता केन्द्रले आवेदक स्वयं उपस्थित भई भरेको फाराम लिई रुजु गर्ने, मतदाता दर्ता मेशिन प्रयोग गरी औंठाछाप, फोटो र विद्युतीय दस्तखत सहित रेकर्ड राख्ने गरी सो फाराम निर्वाचन आयोगमा पठाउँछ । निर्वाचन आयोगमा दावी विरोध सुनुवाई गर्ने च्भकष्मभलत भिभअतष्यल च्भनष्कतचबतष्यल द्ययबचम ले स्वीकृत वा अस्वीकृत गर्छ । उक्त वोर्डले स्वीकृत गरेको नामावलीलाई अन्तिम रुप दिने काम वैदेशिक अनुपस्थित मतदानसम्बन्धी समितिले गर्छ । अन्तिम स्वीकृति निर्वाचन आयोगले गरेपछि मतदाता नामावलीमा समावेश हुन्छ । यसरी दर्ता भएको मतदाताको नाम स्वदेशमा मतदान गर्न पाउने गरी मतदाता नामावलीमा नाम समावेश हुँदैन ।

दावी विरोधको लागि Resident Election Registration Board ले सुनुवाइको मिति तोक्ने गर्छ । प्राप्त फारामको योग्यता हेरी स्वीकृत गर्ने वा अस्वीकृत गर्ने गर्छ । अस्वीकृत फारामको अस्वीकृत हुनाको कारण समेत प्रस्तुत हुन्छ । स्वीकृत नाम मतदाता नामावलीमा समावेश हुन क्रममा पठाइन्छ । नामावली अस्वीकृत हुने व्यक्तिले महानगरीय अदालत (Metorpolitan Court) मा समावेशको लागि मुद्दा दायर गर्नसक्ने प्रावधान छ । पहिले नै मतदाता नामावलीमा नामदर्ता भइसकेको मतदाताको नाम प्रमाणिकरण (Certification) गरिन्छ ।

**(उ) मतदाता शिक्षा सम्बन्धी व्यवस्था :** वैदेशिक अनुपस्थित मतदान प्रक्रियाको लागि पर्याप्त रुपमा मतदाता शिक्षाको कार्यक्रम संचालन हुन नसके पनि यससम्बन्धी केही अभ्यासहरु भएका देखिन्छन् । विदेश जाने फिलिपिनी नागरिकहरुलाई एयरपोर्टमै दर्ता गर्ने तथा वैदेशिक मतदान प्रक्रियाबारे जानकारी गराउने प्रचलन विकास भएको छ । त्यस अतिरिक्त मतदाताहरुलाई लक्षित गरी निर्वाचन आयोगले सूचना प्रकाशन गर्ने र त्यसमार्फत नामदर्ताको लागि आव्हान गर्ने एवं निर्वाचन हुने मिति, कार्यक्रम र मतदानको विधि बारे सुसूचित गर्ने गरिन्छ । स्वदेश भित्र संचार माध्यमको प्रयोगद्वारा मतदाता शिक्षासम्बन्धी कार्यक्रम गर्ने गरिएपनि विदेशमा रहेका मतदाताहरुलाई लक्षित गरी व्यापक मतदाता शिक्षाको कार्यक्रम भने संचालन भएको पाइँदैन ।

**(ऊ) मतदान कार्य सम्बन्धी व्यवस्था :** कानूनले मतदानको विधि व्यक्ति आफै उपस्थित भइ नियोगमा मतदान गर्ने, हुलाकद्वारा मतपत्र पठाउने, मेशिनद्वारा मतदान गर्ने वा इन्टरनेटद्वारा मतदान गर्ने विधि तोकेपनि फिलिपिन्सको निर्वाचन आयोगले व्यक्ति आफै उपस्थित भई मतदान गर्ने, हुलाकद्वारा मतपत्र पठाइ मतदान गर्ने र तोकिएको केन्द्रमा मेशिन प्रयोग गरी मतदान गर्ने विधि प्रयोग गरेको छ । पहिलो विधिमा मतदाता आफै तोकिएको केन्द्र, नियोगमा गई मतपत्र प्राप्त गरी सोमा मतसंकेत गरी मतदान गर्छ । आयोगले तोकेको मुलुकहरुमा हुलाकद्वारा मतपत्र पठाई मतदान गर्न विशेष किसिमको खाम आयोगले नै छपाई दूतावास, कन्सुलरको कार्यालय वा अन्य नियोग (जसलाई मतदान केन्द्र तोकिएको हुन्छ) मा पठाउँछ । त्यस्तो खाम र मतपत्र लिएर जाने मतदाताले मतसंकेत गरी खामवन्दी मतपत्र पुनः दूतावास, कन्सुलरको कार्यालय वा परराष्ट्र सेवाको कुनै नियोगमा हुलाकबाट वा अन्य विधिबाट पठाउँछ । आयोगले मतदानको लागि मेशिन उपलब्ध गराएको केन्द्रमा त्यस्तो मेशिनको प्रयोग गरी मतदान कार्य हुन्छ । सन् २०१० को निर्वाचनमा हङकङ र सिंगापुरमा त्यस्तो मेशिनको प्रयोग गरिएको थियो ।

मतदानको लागि ३० दिनको अवधि तोकिएको हुन्छ र तीसौं दिन फिलिपिन्सको स्थानीय समय अनुसार अपरान्ह ३:०० बजे मतदान कार्य वन्द गरिन्छ । समुद्री यात्रुको लागि भने ६० दिनको

मतदान अवधि तोकिएको हुन्छ। फिलिपिन्समा राष्ट्रपति, उपराष्ट्रपति, सिनेट र दलीय सूचीका उम्मेदवारहरुको लागि मतदान गर्ने व्यवस्था छ।

हुलाकद्वारा मतपत्र पठाई मतदान गर्दा खामसँगै उम्मेदवारको सूची, मतदाताको लागि निर्देशन, भित्री खाम, बाहिरी खाम, बाहिरी खामको लागि सिलवन्दी व्यवस्था र औपचारिक मतपत्र हुनुपर्छ। मतदातालाई दिइने निर्देशनमा मतदान गर्ने तरिका, मतपत्रको तल्लो भागमा रहेको कुपनमा दायाँ बुढी औंलाको छाप लगाई यसलाई मतपत्रको कुपनबाट निकालेर खामको भित्री भागमा टाँस्ने निर्देशन दिइएको हुन्छ। मतदान भइसकेको मतपत्र भित्री खाममा राखी बाहिरी खामभित्र राखेर मतदाताको नाम एवं दस्तखत बाहिरी खाममा लेखी सिलवन्दी खाम पठाउनुपर्ने हुन्छ। उक्त मतपत्र मतदानको अन्तिम दिन ३:०० वजे भित्र पुगिसक्नुपर्ने हुन्छ।

**(ए) मतगणना तथा नतिजा प्रकाशन :** वैदेशिक अनुपस्थित मतदानको मतगणना हङ्गकङ्ग र सिंगापुर वाहेक अन्य सबै देशका मतदान केन्द्रहरुमा मानिसद्वारा (Manually) नै मतगणना गरियो। वैदेशिक अनुपस्थित मतदानको सम्बन्धमा मतगणना केन्द्रहरु निम्नबमोजिम तोक्ने गरिन्छ :

(क) विदेशस्थित फिलिपिनी दूतावासहरु

(ख) विदेशस्थित कन्सुलरको कार्यालयहरु

(ग) अन्य वैदेशिक /परराष्ट्र सेवाका कार्यालयहरु

(घ) आयोगले तोके बमोजिमका अन्य गणना केन्द्रहरु

मतगणनाको नतिजा प्रकाशन र सम्प्रेषणलाई फिलिपिन्समा Canvassing भनेको पाइन्छ। मतदान कार्यसम्पन्न भएका प्रत्येक मुलुकमा Canvassing को लागि छुट्टै वोर्ड गठन गरिएको हुन्छ, जसलाई Special board of Canvassers (SBOC) भनिन्छ। यस्तो वोर्डले वैदेशिक अनुपस्थित मतदानको निर्वाचन परिणाम सम्प्रेषण (Canvass) गर्ने र वैदेशिक अनुपस्थित मतदानको सम्प्रेषण प्रमाणपत्र (Certificate of Canvass) तयार गर्ने कार्यहरु गर्दछ। यस्तो सम्प्रेषण (Canvassing) मतदान भएका प्रत्येक मुलुकबाट गरिन्छ।

सामान्यतया यस्तो संप्रेषणको लागि मतगणना केन्द्रदेखि राष्ट्रिय तहसम्म छुट्टै सर्भरको प्रयोग गरी नतिजा सम्प्रेषण गरिन्छ। सर्भरमा प्रवेशको लागि निर्वाचन आयोगका प्रमुख आयुक्तद्वारा

उपलब्ध गराइएको username र password प्रयोग गरि consolidation and canvassing system मा प्रवेश गरिन्छ । त्यस अन्तर्गत ३ वटा मोड्युलहरु रहन्छन्, जुन Administration, Canvassing र Monitoring हुन् ।

Administration मोड्युल अन्तर्गत परिणाम संप्रेषण, परिणामलाई CSS फाइलमा Back up र मेशिनको मेमोरी कार्ड प्रयोग गरी परिणाम लोड गर्न सकिने ३ वटा कार्य रहन्छन् । त्यस्तै यही system भित्र Monitoring मोड्युलमा प्रवेश गरिएपछि प्रत्येक Barangay अनुसारको मतगणनाको स्थिति हेर्न सकिन्छ । Canvassing मोड्युल अन्तर्गत परिणामको प्रमाणपत्रलाई नै अध्यक्ष, उपाध्यक्ष र सदस्यले प्रमाणित गरी Canvass Certificate पठाउन सकिन्छ ।

वैदेशिक अनुपस्थित मतदान कार्यमा मेशिन प्रयोग भएको देशमा यही विधिद्वारा संप्रेषण हुनसक्यो भने मेशिन प्रयोग नभई मतदान भएको मुलुकबाट पनि सर्भरद्वारा नतिजा संप्रेषण गरियो ।

**(ऐ) राजनीतिक दलहरुसँगको समन्वय र विश्वसनीयता :** वैदेशिक अनुपस्थित मतदानको संवैधानिक व्यवस्था सन् १९८७ मै भएपनि त्यसको कानून सन् २००३ मा मात्र आउन सक्यो । यसले यो निर्णयको परिपक्कताको लागि थुप्रै समय लागेको देखिन्छ । त्यस अतिरिक्त यो प्रक्रियाको नीतिगत अनुगमनको लागि छुट्टै संसदीय समिति पनि रहेको छ र संसद्मा यो विषय उपर सघन छलफल हुने गरेको पाइयो । यसको लागत पक्ष र यस प्रक्रियाबाट उल्लेख्य प्रतिशतमा मतदान हुन नसकेको विषयमा वहस हुने गरेको अनुभव समेत छलफलमा प्रस्तुत भयो । तथापी मतदानलाई नागरिकको नैसर्गिक संवैधानिक अधिकारको रुपमा स्थापित गर्दै वैदेशिक अनुपस्थित मतदानलाई निरन्तरता दिइएको छ ।

**(ओ) आर्थिक व्ययभार र त्यसको व्यवस्थापन :** विदेशमा मतदाताको नामदर्ता, मतदान, मतगणना, मतदाता शिक्षा र नतिजा संप्रेषण गर्नुपर्ने हुनाले वैदेशिक अनुपस्थित मतदान प्रक्रिया खर्चालु प्रक्रिया हो । फिलिपिन्सको सन् २००४ मा सम्पन्न निर्वाचनमा ३०० मिलियन फिलिपिनो पेसो विनियोजन गरिएकोमा उक्त निर्वाचनमा ३०४ मिलियन पेसो खर्च भयो । सन् २००७ को निर्वाचनमा २३८.४२ मिलियन फिलिपिनी पेसो (१ पेसो बराबर रु.२।३० को दर रहेको) विनियोजन भएकोमा ११० मिलियन खर्च भयो भने सन् २०१० को

निर्वाचनमा १८८.०८ मिलियन विनियोजन भएकोमा १३२.६ मिलियन खर्च भयो । यसैगरी, सन् २००४ मा प्रति मतदाता खर्च १३०६.९६ पेसो रहेकोमा सन् २००७ मा सो संख्या १३५७.५७ पुग्यो भने सन् २०१० को निर्वाचनमा प्रति मत खर्च ८६४.९८ रह्यो ।

यसरी हेर्दा पछिल्ला वर्षहरुमा वैदेशिक अनुपस्थित मतदानको खर्चको लागत घटिरहेको छ । प्रविधिको प्रयोग र व्यवस्थापनमा बढेको कुशलताले यो खर्च घटेको देखिन्छ । यो सबै खर्चको व्यवस्थापन गर्न निर्वाचन आयोगलाई बजेट प्राप्त हुने गर्दछ र त्यसैबाट विनियोजन गरी खर्च व्यवस्थापन हुने गरेको छ । मतदाता दर्ताको मात्र अनुमानित लागत प्रति मतदाता ५०० पेसो रहेको छ ।

**(औ) फिलिपिन्समा स्थानीय अनुपस्थित मतदानसम्बन्धी व्यवस्था** : फिलिपिन्सको कार्यकारी आदेश नं. १५७ र Republic Act No. 7166 ले स्थानीय अनुपस्थित मतदान सम्बन्धी कानूनी व्यवस्था गरेको छ, जसले सरकारका कर्मचारीहरु, फिलिपिनी सेनाका अधिकृतहरु तथा जवानहरु, फिलिपिन्सको राष्ट्रिय प्रहरीका कर्मचारीहरु र निर्वाचन पर्यवेक्षण वोर्डका सदस्यहरुले मतदाताको रुपमा दर्ता भएका छन् भने राष्ट्रपति, उपराष्ट्रपति, सिनेटका सदस्य र दलका सूचीका उम्मेदवारहरुको लागि खटिएको स्थानबाटै मतदान गर्ने अधिकार प्रदान गरेको छ । सन् २०१० को निर्वाचनमा Electoral Contests Adjudication Department (ECAD) स्थानीय अनुपस्थित मतदानको लागि जिम्मेवार विभाग रहेको थियो । स्थानीय अनुपस्थित मतदान कार्य Manually नै सम्पन्न गरिन्छ ।

स्थानीय अनुपस्थित मतदान कार्यको निर्देशन र समन्वयको लागि स्थानीय अनुपस्थित मतदान समिति रहेको छ । उक्त समितिको गठन यसप्रकार छः

| | |
|---|---|
| निर्वाचन आयोगले तोकेको आयुक्त | अध्यक्ष |
| ECA विभागका निर्देशक | उपाध्यक्ष |
| निर्देशक III, ECAD | सदस्य |
| निर्देशक III, कानून विभाग | सदस्य |
| Attorney VI, पहिलो महाशाखा, ECAD | सदस्य |
| Attorney VI, दोश्रो महाशाखा, ECAD | सदस्य |
| Attorney V, तेस्रो महाशाखा, ECAD | सदस्य |

प्रमुख, न्यायिक अभिलेख महाशाखा, ECAD सदस्य

कार्यकारी सहायक V, समितिको अध्यक्षको कार्यालय सदस्य

स्थानीय अनुपस्थित मतदान निर्वाचनको दिनभन्दा दुई हप्ता पहिलैदेखि फिलिपिन्सको निर्वाचन आयोगको स्थानीय कार्यालयको प्रतिनिधिको रोहवरमा कुनैपनि समयमा मतदान गर्न पाइन्छ । यसका लागि उक्त कार्यालयको प्रमुखले मतदानको स्थान र समय तोक्न सक्छ र मतदाताले फाराम भरी नामदर्ता गराएर मतदान गर्नुपर्छ ।

फिलिपिन्सको स्थानीय अनुपस्थित मतदाताको लागि छुट्टै नामदर्ता गर्नुपर्ने व्यवस्था त्यहाँको निर्वाचन आयोगले गरेको छ । कुनै पनि फिलिपिनी नागरिक जुन पहिले नै मतदाताको रुपमा दर्ता भैसकेको छ, ले मात्र स्थानीय अनुपस्थित मतदानमा भाग लिनको लागि छुट्टै प्रक्रिया अवलम्बन गरी नामदर्ता गर्न पाउने व्यवस्था गरिएको छ । यस अन्तर्गत नाम दर्ता गर्न निम्नानुसारको प्रक्रिया तोकिएको छः

(क) मतदाताले स्थानीय अनुपस्थित मतदाताको रुपमा नामदर्ता गर्न तोकिएको फाराम भरी तोकिएको कार्यालय प्रमुख वा सुपरिवेक्षक वा सम्बन्धित सैनिक स्टेसनको कमाण्डर समक्ष पेश गर्नुपर्छ ।

(ख) उक्त फाराम संकलन गरिसकेपछि तोकिएका कार्यालय प्रमुख वा सुपरिवेक्षक वा सम्बन्धित सैनिक स्टेसनको कमाण्डरले स्थानीय अनुपस्थित मतदान समिति (CLAV) समक्ष पेश गर्नुपर्छ ।

(ग) स्थानीय अनुपस्थित मतदान समिति (CLAV) ले उक्त फाराम प्राप्त गरेपछि सूचना प्रविधि विभागको सहयोगमा राष्ट्रिय मतदाता नामावली (National List of Registered Voter) बाट उक्त निवेदक वास्तवमै सम्बन्धित शहर वा नगरपालिकाको मतदाता हो वा होइन भनी verify गर्नुपर्छ ।

(घ) राष्ट्रिय मतदाता नामावली (National List of Registered Voter) मा नाम भेटिएका निवेदकहरु मात्र स्थानीय अनुपस्थित मतदाताको रुपमा स्थानीय अनुपस्थित मतदान समिति (CLAV) ले प्रमाणित गर्दछ ।

(ङ) स्थानीय अनुपस्थित मतदान समिति (CLAV) ले यसरी प्रमाणित भैसकेका मतदाताहरुको अन्तिम मतदाता नामावली समेत तयार गर्दछ, जुन तोकिएको कार्यालय, एकाई वा सैनिक वटालिएनमा हुने स्थानीय अनुपस्थित मतदानमा प्रयोग गरिन्छ ।

सन् २०१३ को निर्वाचनमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन नहुने भएकोले स्थानीय अनुपस्थित मतदाताले सिनेटर र दलको सूचीका उम्मेदवारलाई मात्र मत दिन पउनेछन् ।

## (छ) थाइल्याण्डको अभ्यास (अध्ययन भ्रमणको प्रतिवेदन अनुसार)

(१) **पूर्व मतदान र अनुपस्थित मतदान सम्बन्धी व्यवस्था** : यस अध्ययन भ्रमणको एउटा महत्वपुर्ण उद्देश्यको रुपमा रहेको पूर्व मतदान तथा अनुपस्थित मतदानको सम्बन्धमा थाईल्याण्डको अनुभव अध्ययन गर्ने समेत रहेको थियो । थाईल्याण्डको निर्वाचन सम्बन्धी कानुनले कुनै सरकारी आदेश वा अन्य कारणले गर्दा कुनै मतदाता आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर जानु परेमा त्यस्तो मतदाताले सम्बन्धित प्रान्तीय वा निर्वाचन क्षेत्रको निर्वाचन कार्यालयमा त्यसको जानाकारी दिनु पर्नेछ । यसरी आफ्नो निर्वाचन क्षेत्रमा निर्वाचन हुने दिनमा उपस्थित हुन नसक्ने मतदाताहरुको छुट्टै सूची तयार गरी निर्वाचन आयोगले त्यस्ता मतदाताहरुलाई छुट्टै मतदान केन्द्रको निर्धारण गर्ने र निर्वाचन हुने दिन भन्दा सात दिन अगाडि नै त्यस्ता मतदाता हरुको लागि मतदान गर्ने व्यवस्था मिलाउने गरेको पाईयो । साथै यसरी आफ्नो निर्वाचन क्षेत्र भन्दा बाहिर मतदान गरेका मतदाताहरुको विवरण तथा मतपत्रहरुलाई सम्बन्धित निर्वाचन क्षेत्रमा लागि निर्वाचन समाप्त भए पश्चात गणना गरी नतिजामा समावेश गर्ने व्यवस्था रहेको अध्ययनबाट देखिन आयो । यस किसिमको व्यवस्था प्रतिनिधि सभा र जनमत संग्रहमा मात्र रहेको समेत अध्ययनबाट देखिन आयो ।

(२) **Overseas Voting सम्बन्धी व्यवस्था** : हरेक मतदातालाई आफ्नो प्रतिनिधि चुन्न पाउने अधिकार सुनिश्चित गर्नको लागि थाईल्याण्डको कानूनले तहाँको प्रतिनिधि सभाको निर्वाचनमा र जनमत संग्रहमा देश बाहिर रहेका मतदाताहरुले समेत मतदान गर्न पाउने भन्ने व्यवस्था गरेको पाईयो । सो अनुसार विदेशबाट मतदान गर्न चाहने देश बाहिर रहेका मतदाताले चुनाव हुने दिनभन्दा ३० दिन अगाडि आफ्नो नाम इन्टरनेटबाट जाँच गरी आफूले आफ्नो निर्वाचन

क्षेत्रको उम्मेदवारलाई मतदान गर्ने प्रयोजनको लागी सम्बन्धित राजदूताबास तथा काउन्सिलरको कार्यालयमा तोकिएको फारम भरी आफ्नो परिचयपत्र तथा पासपोर्टको प्रतिलिपि सहित फ्याक्स, ईमेल वा हुलाकको माध्ययमबाट दर्ता गराउनु पर्ने प्रावधान रहेको पाइयो । यसरी विभिन्न माध्ययमबाट दर्ता हुन आएका मतदाताहरुको विवरण जाँच गरी प्रकाशित गरी सम्बन्धित राजदूतावास र काउन्सिलरले मतदान गर्नको लागि १ देखी २ दिन सम्मको मिति तोक्नुपर्ने र उक्त दिन चुनाव हुने दिन भन्दा ७ दिन अगाडि हुनुपर्ने भन्ने व्यवस्था गरिएको पाइयो । यसरी तोकिएको मतदानको दिनमा मतदाताहरुले आफै तोकिएको स्थानसम्म आई मतदान गर्न वा इमेल मार्फत मतदान गर्न पाउने सुविधा मतदाताहरुलाई दिइएको हुन्छ । यसरी सम्बन्धित राजदूताबास तथा काउन्सिलरहरुले मतदान गर्ने अवधि समाप्त भए पश्चात दर्ता भएका मध्ये कसले मतदान गर्‍यो र कसले मतदान गरेन भन्ने विवरण परराष्ट्र मन्त्रालय हुदै Interior मन्त्रालयसम्म त्यसको विवरण पठाईन्छ । अनिवार्य मतदान व्यवस्था रहेको कारणले गर्दा मतदान नगर्ने व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम कारवाही हुने वा राज्यका सुविधाबाट वञ्चित गर्न सकिने व्यस्था रहेको पाइयो । यसरी विदेशमा गरिएको मतदानका मतपत्रहरु सम्बन्धित राजदुतावास तथा काउन्सिलरले निर्वाचन क्षेत्र अनुसार छुट्याई Diplomatic Bags मार्फत Thai Airways र Thailand Post को माध्ययमबाट सम्बन्धित निर्वाचन क्षेत्रहरुसम्म पुर्‍याई सम्बन्धित क्षेत्रको निर्वाचन सम्पन्न भएपछि गणना गरिने प्रावधान रहेको पाइयो ।

## (ज) गणतन्त्र कोरियाको अभ्यास (अध्ययन भ्रमणको प्रतिवेदन अनुसार)

**(१) अनुपस्थित मतदान** (Absentee Voting) : गणतन्त्र कोरियामा Absentee Voting को राम्रो अभ्यास रहेको छ । Absentee Voting पनि स्वदेशको Domestic Absentee र विदेशको Overseas Absentee दुवै खालको Absentee Voting प्रचलनमा रहेको पाइयो । अनुपस्थित मतदानको लागि भाग लिने मतदाताहरु देहायबमोजिम हुनेछन् :

(क) सैनिक सेवाका कर्मचारीहरु

(ख) प्रहरी कर्मचारीहरु

(ग) संस्थागत कार्यालयहरु, अस्पताल तथा उद्योगमा कार्यरत जनशक्ति

(घ) निर्वाचनमा खटिएका कर्मचारीहरु

(ङ) उल्लेखित पदाधिकारीहरु बाहेक अन्य कारणले आफ्नो तोकिएको मतदान केन्द्रमा उपस्थित हुन नसक्ने व्यक्तिहरु

(च) कुनै अभियानमा परिचालित वा जहाजमा कार्यरत सैनिक तथा प्रहरी पदाधिकारीहरु

(छ) अस्पताल तथा नर्सिङ्गहोममा भर्ना भएको विरामीहरु

(ज) शारिरीक अस्वस्थताका कारणले घरबाट हिंडडुल गर्न नसक्ने व्यक्तिहरु

(झ) निर्वाचन आयोगबाट तोकिएका टाढाका टाप्पुका बासिन्दाहरु

(ञ) निर्वाचन आयोगबाट तोकिएका क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरु ।

उल्लेखित मतदाताहरु उनीहरुलाई मतदान गर्न तोकिएका मतदान केन्द्रमा निर्वाचनकै दिन उपस्थित भएर मतदान गर्न नसक्ने भएकोले अनुपस्थित मतदाता भनिएको हो । उनीहरु मध्ये ५ नं. सम्मका मतदाताले सम्बन्धित Absentee Voting Stations मा मतदान गर्न पाउँछन् भने ५ देखि १० सम्मका मतदाताले भने जुनसुकै Absentee Voting Stations वा हुलाक मार्फत मतदान गर्न पाउछन् ।

(२) **अनुपस्थित मतदानको प्रकृया :** गणतन्त्र कोरियाको निर्वाचनमा अनुपस्थित मतदानको प्रक्रिया देहायबमोजिम रहेको पाइयो :

(अ) अनुपस्थित मतदानमा भाग लिन चाहने मतदाताहरुले आफूलाई पायक पर्ने जिल्ला वा प्रान्त वा मेट्रो निर्वाचन आयोगमाा निर्वाचन दिन भन्दा २३ देखि १९ दिन अगाडि सम्म ५ दिन निवेदन दिन सक्ने ( व्यक्तिगत रुपमा स्वयं उपस्थित भएर वा Mail मार्फत )

(आ) १८ औ दिन सम्बन्धित जिल्लाको निर्वाचन आयोग (gu/si/gun) ले Absentee Voterlist तयार गर्ने ।

(इ) निर्वाचन हुने दिन भन्दा ९ औं दिन अगाडि सम्म सम्पूर्ण Absentee Voters लाई चुनाव सम्बन्धी जानकारी मूलक पर्चा, बुकलेट र मतपत्रहरु, मतपत्र राख्ने खाम समेत हुलाकबाट पठाइसक्ने व्यवस्था ।

(ई) निर्वाचनको सातौ दिन अगाडिको दिन निर्वाचन आयोगबाट Absentee Voting Stations निर्धारण गर्ने । यसको जानकारी E-mail/SMS मार्फत मतदाताहरुलाई दिने ।

(उ) निर्वाचनको दिनको छैटौ दिन देखि अघिल्लो दिन सम्म ५ दिन सम्पूर्ण Absentee Voting Stations मा मतदान हुने,अशक्त व्यक्तिहरुले हुलाक मार्फत समेत मतदान गर्न सक्ने ।

(ऊ) निर्वाचनको दिन साँझ ६ बजे सम्म सम्पूर्ण अनुपस्थित मतदानका मतपेटिकाहरु हुलाकबाट सम्बन्धित निर्वाचन आयोगमा पुऱ्याउने ।

(ए) अनुपस्थित मतदानबाट प्राप्त मतपेटिकाहरुको अलग्गै गणना हुने ।

(ऐ) अनुपस्थित मतदानः राष्ट्रिपतीय निर्वाचन, नेशनल एसम्बलीको समानुपातिक तथा प्रत्यक्ष दुवै निर्वाचनको लागि मात्र हुने तर स्थानीय सरकार तथा काउन्सील सदस्यहरुको निर्वाचनहरुमा अनुपस्थित मतदानको अभ्यास रहेको छैन ।

**(३)** **Overseas Election in Korea :** विदेशमा बस्ने कोरियाली जनताहरुको आधारभूत मानवअधिकारको रक्षा गर्नको लागि गणतन्त्र कोरियाले विदेशमा समेत मतदानको व्यवस्था मिलाएको छ । राष्ट्रपतिको छैटो निर्वाचनदेखि र संसदको सातौ निर्वाचन देखि गणतन्त्र कोरियामा Overseas and Absentee Voting को शुरुवात भएको हो । संवैधानिक रुपमा भने सन् २००७ मा भएको संविधान संशोधनमा Overseas Election समावेश गरिएको हो । Overseas Election का लागि मतदाताहरु देहायबमोजिम हुने छन् :

(अ) निर्वाचनको दिन १९ वर्ष वा सो भन्दा बढी उमेरको कोरियाली नागरिक जो विदेशमा बसोबास गर्दछ ।

(आ) विदेशमा बस्ने कोरियाली नागरिक जसको कोरियामा नै मतदाता नामावलीमा नाम रहेको छ र केही समयको लागि विदेशमा बसोबास गर्दछ । त्यसलाई Overseas Absentee भनिन्छ । यस्तो खाले मतदाताले राष्ट्रपतीय निर्वाचन, नेशनल एसम्बलीको प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचनमाा भाग लिन पाउँछ ।

(इ) विदेशमा बस्ने कोरियाली नागरिक जसको कोरियामा मतदाता नामावलीमा नाम दर्ता रहेको छैन, जो लामो समयको लागि विदेशमा बसोबास गरिरहेको छ, त्यसलाई Overseas Voters भनिन्छ । यस्तो खाले मतदाताले

राष्ट्रपतिको निर्वाचन र संसदको समानुपातिक निर्वाचनमा मात्र भाग लिन पाउँछ ।

यसमा मतदाता नामावली दर्ता प्रकृया देहायबमोजिम हुनेछ :

(अ) Overseas Absentee Application: कोरियामा मतदाता नामावलीमा नाम रहेको तर विदेशमा अस्थायी रुपमा बसोबास गर्ने कोरियालीले सम्बन्धित कुटनैतिक नियोग अथवा gu/si/gun Election Commission मा व्यक्तिगत रुपमा वा Mail गरेर निवेदन दिन सक्छन् ।

(आ) Overseas Voter Registration Application : विदेशमा बस्ने कोरियाली जसको कोरियाको मतदाता नामावलीमा नाम दर्ता भएको छैन र लामो समयको लागि विदेशमा बसोबास गरेको छ, त्यस्ता कोरियालीले सम्बन्धित कुटनैतिक नियोगमा नै पुगि आवश्यक प्रमाणहरु पेश गरी नाम दर्ता गर्न सक्नेछन् ।

(इ) इमेलबाट, हुलाकबाट पठाएका निवेदनहरु मान्य हुने छैन ।

(ई) निर्वाचन हुने दिन भन्दा १५० दिन अगाडि दखि ६० औं दिन सम्म ३ महिना मतदाता नामावलीमा दर्ता गर्ने अवधि हो ।

(उ) निर्वाचन हुने दिन भन्दा ४९ औं दिन अगाडि देखि ४० औं दिन सम्म १० दिन भित्र Overseas Absentees को सूची Head of gu/si/gun ले तयार पार्छ भने National Election Commission ले चाँही Overseas Voters Registration को सूची तयार पार्ने व्यवस्था रहेको छ ।

(ऊ) निर्वाचनको ३९ औं दिन अगाडि देखि ३५ औं दिन सम्म ५ दिनको लागि सार्वजनिक रुपमा दावी विरोधको लागि प्रकाशन गर्ने व्यवस्था छ ।

(ए) निर्वाचन हुने दिनको ३० औं दिन अगाडि अन्तिम नामावली तयार पारिन्छ ।

(४) **निर्वाचन प्रकृया :** गणतन्त्र कोरियामा Overseas Voting को लागि निर्वाचन प्रक्रिया देहायबमोजिम हुनेछ :

(अ) निर्वाचन आयोगबाट नै Overseas Voting को लागि इन्टरनेट, इमेल, विज्ञापन, टि.भी., रेडियो, भू-उपग्रह प्रसारण लगायतबाट चुनावी अभियान संचालन हुन्छ ।

(आ) मतदान केन्द्रहरु कुटनैतिक नियोगहरुमा संचालन गरिन्छन् । कुटनैतिक नियोग नभएका स्थानहरुमा भने कोरियाली स्कूल तथा अन्य संस्थाहरुमा समेत मतदान केन्द्रहरु संचालन हुँदा रहेछन् ।

(इ) मतदान गर्ने अवधिः निर्वाचन हुने दिन भन्दा १४ औं दिन देखि ९ औं दिन सम्म ६ दिन सम्म । समय विहान ८:00 बजे देखि साँझ ५:00 बजे सम्म ।

(ई) Overseas Voting को लागि तोकिएको एयर्पिलिन क्तबतष्यल मा नै जानु पर्ने हुन्छ । Postal तथा Mail Voting मान्य छैन ।

(उ) Overseas Elections को लागि National Election Commission ले सम्बन्धित कुटनैतिक नियोग प्रमुखलाई Returning Officer नियुक्त गर्ने चलन रहेको छ ।

(ऊ) निर्वाचन सम्पन्न भएपछि सम्बन्धित Returning Officer ले परराष्ट्र मन्त्रालय मार्फत NEC मा पठाउने व्यवस्था रहेको छ ।

(ए) NEC ले चुनाव हुने दिनको साँझ ६ बजे सम्म सम्पूर्ण मतपेटिकाहरु gu/si/gun Election Commission मा पठाउने र त्यहाँ गणना हुने गर्दछ । कहिले काँही Emergency परी मतपत्र gu/si/gun Election Commission मा पुग्न नसक्ने अवस्थामा सम्बन्धित कुटनैतिक नियोगमा नै पनि मतपत्र गणना हुने गर्दछ ।

(ऐ) Overseas Election को मतगणना अलग्गै हुन्छ ।

**(५) गणतन्त्र कोरियामा पूर्व मतदान :** कूनै निश्चित तोकिएको दिन भन्दा अगाडि नै मतदान हुने व्यवस्था पूर्व मतदान हो । यसरी पूर्व मतदान हुँदा निर्वाचनको दिन कुनै कारणवश मतदान प्रकृयामा भाग लिन नसक्ने मतदाताले समेत मताधिकारको अवसर पाउँछ । गणतन्त्र कोरियामा पूर्व मतदानलाई Absentee Voting र Overseas Voting संगसंगै प्रयोग र अवलम्बन गरिएको छ । गणतन्त्र कोरियामा Domestic Absentee Voting

निर्वाचन हुने दिन भन्दा छैटौ दिन अगाडि देखि शुरु भएर अघिल्लो दिन सम्म हुने र इखभचकभबक ब्यतष्लन मा भने निर्वाचन हुने दिन भन्दा १४ औं दिन देखि ९ औं दिन सम्म ६ दिन सम्म निर्वाचन हुने गर्दछ । वास्तवमा भन्नुपर्दा अनुपस्थित मतदाननै पूर्व मतदान हो ।

# परिच्छेद् –४

## विदेशबाट मतदान गर्ने सम्बन्धमा असर गर्ने तत्वहरु

### ४.१ वित्तिय लागत (Financial Input)

विदेशबाट मतदान गर्ने व्यवस्था गर्नु आर्थिक दृष्टिले अत्यन्तै खर्चिलो हुन्छ । यस सम्बन्धमा उल्लेख भएको एउटा भनाई तल दिइएकोछ ।

Out-of-country voting operations are generally much more expensive than in-country voting. International experience shows that nationally conducted elections typically cost in the range of US$ 1-2 per registered voter. Out-of-country voting operations often cost at least five to 10 times more, depending on the way a voter casts a ballot, resulting in a cost of US$5-20 per voter. This can make out-of-country voting prohibitively expensive for many nations.1

### ४.२.लाग्ने समय (Required Time)

Generally out-of-country voting requires more time for registration, voting and counting than in-country elections, particularly depending on the geographical distribution of the potential voters. Experience shows that it can take nine to 12 months to manage an inclusive postal voting process and six to nine months for in-person voting. Early planning and preparations are especially critical when negotiations with host countries are required for the implementation of operations. *

### ४.३ समान पहुँचको आधार ( On the basis of Equal Access)

For Diasporas spread across many countries and geographically dispersed within these countries, providing meaningful access for voters can be very challenging when using an in-person voting method. It is inevitable that political preferences will vary amongst diaspora populations and the election administration will be vulnerable to accusations of bias. Politicians may claim that administrative decisions by the EMB concerning the

level of service provided in different voting locations are an attempt to disenfranchise certain groups of voters. *

### ४.४ निर्वाचनको किसिम (Type of Election)

विदेशबाट मत दिने व्यवस्था स्थानीय, प्रान्तीय र राष्ट्रिय सबै वा कुनै एक वा दुई प्रकरणमा निर्वाचनमा गराउन सकिने देखिन्छ । प्रायः देशहरुमा राष्ट्रियस्तरका निर्वाचनमा मात्र यो व्यवस्था लागू गरिएको पाइन्छ । तर आयरल्याण्ड र रसियाले सबै प्रकारका निर्वाचनमा विदेशबाट भोट दिन सकिने व्यवस्था गरेको पाइन्छ ।

### ४.५ मतदान विधि (Voting Methods)

विश्वमा व्यक्तिगत मतदान, हुलाकद्वारा मतदान, विश्वासद्वारा मतदान, मिश्रित मतदान तथा फ्याक्स मतदान जस्ता विधिहरु प्रचलनमा रहेका पाइन्छन् । यी मध्ये व्यक्तिगत मतदान बढी उपयोग भएको पाइन्छ ।

### ४.६ मतदाताका सीमाहरु (Limtations of Voters)

विश्वका विभिन्न देशमा आ-आफ्नै सीमाहरु निर्धारण गरिएको पाइन्छ । विदेशबाट मत दिने मताधिकार सरकारी कर्मचारी, विद्यार्थी तथा अन्य नागरिक तथा सुरक्षार्थी कसकसलाई दिने वा सबैलाई दिने निर्धारण गर्नु पर्ने हुन्छ । साथै उनीहरुको नामदर्ता गर्दा र भोट खसाउने समयमा केलाई उनीहरुको परिचय खुल्ने कागजात मान्ने भन्ने कुरा पनि निर्धारण गर्नु पर्दछ ।

### ४.७ निर्वाचन परिणाम विश्वसनियता (Credibility in Election Results)

विदेशबाट मतदान गर्दा राष्ट्रिय मिडियाको पहुँच नहुने हुन्छ भने अन्तर्राष्ट्रिय मिडियाले महत्व दिँदैन तसर्थ पर्यवेक्षणको खास व्यवस्था नागरिकको खण्डमा निर्वाचन परिणाममा प्रश्न उठ्ने सम्भावना रहन्छ ।

### ४.८ निर्वाचन क्षेत्र निर्धारण (Determining Constituences)

विदेशबाट मतदान गर्दाको उम्मेदवार हुने र उसको निर्वाचन क्षेत्र छुट्टै हुनेकी देश भित्रकै उम्मेदवारलाई उनीहरुले भोट दिने भन्ने कुरा निर्धारण गर्नु पर्दछ । छुट्टै निर्वाचन क्षेत्र खडा गरी विदेशबाट मत दिने व्यवस्थाभन्दा देश भित्रकै उम्मेदवारलाई पूर्व निर्धारित निर्वाचन क्षेत्र अनुसार मत दिने व्यवस्था भएमा व्यवस्थापनमा जटिलता थपिन सक्दछ ।

### ४.९ निर्वाचन व्यवस्थापन (Managing Elections) :

Often an out-of-country voting operation is as much of a challenge as the in-country voting operation, but for only a fraction of the voters. The risk for an EMB is that it spreads resources too thinly by attempting to conduct two similarly challenging operations at the same time. As a result, the quality of the in-country election can suffer. Other operational issues such as security, communication systems, administrative and electoral facilities, staffing and training, election materials and transport, informational materials and observation costs are significant in deciding on the issue of out-of-country voting[1].

### ४.१० सरोकारवालाहरुको भूमिका (Role of Stakeholders)

देशका राजनीतिक दल, नागरिक, सञ्चार माध्यम, देश बाहिरका नागरिक, विदेशी राष्ट्रहरु, परराष्ट्र मामिला हेर्ने मन्त्रालय तथा यसका नियोगहरु सबै विदेशबाट मत दिने सम्बन्धमा सरोकारवालाहरु हुन् । यिनीहरु सबैको आ-आफ्नो भूमिका स्पष्ट हुनु पर्दछ र उनीहरु सबैले आफ्नो भूमिका निर्वाह गर्न तयार हुनु पर्दछ ।

[1] The paragraphs in English under the subtitle variables, have been adopted from *Peter Erben, Ben Goldsmith and Aysha Shujaat, April 2012.

# परिच्छेद - ५

# अध्ययन विधि

### ५.१ अध्ययन विधि

विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने मूलतः विष्लेषणात्मक विधि प्रयोग गरिएको थियो । यस अन्तर्गत विदेशबाट मतदान गर्न सकिने व्यवस्था रहेका देशको निर्वाचन प्रक्रिया, विधि तथा तरिकाहरु नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक अवस्थासँगै तुलनात्मक अध्ययन गरियो । आवश्यक तथ्याङ्कहरु प्राप्त गर्न निम्न तरिकाहरु प्रयोग गरियो :-

(क) **अन्तरक्रिया** : विदेशबाट मतदान गर्न सक्ने व्यवस्था गर्ने केही देशहरुमा निर्वाचन विज्ञहरुसँग अन्तरक्रियामा गरिएको थियो । उनीहरुको सुझाव समेतलाई यस प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ । गणतन्त्र कोरियामा गैरआवासीय नेपाली संघ, कोरियाका पदाधिकारीहरुसँग आयोगबाट गएको टोलीले अन्तरक्रिया गरिएको थियो ।

(ख) **सामूहिक छलफल** : सम्भाव्यता अध्ययन समितिका सदस्यहरु बीचमा समय समयमा बैठक बसी सामूहिक छलफल गरिएको थियो । त्यसै गरी निर्वाचन आयोगको सभाकक्षमा विभिन्न राजनीतिक दल तथा तीनिहरुको भातृ संगठनहरुसँग छलफल गरी सुझाव लिइएको थियो ।

(ग) **सन्दर्भ सामग्रीको अध्ययन** : विदेशबाट गरिने मतदानका सम्बन्धमा लेखिएका विभिन्न लेखहरु तथा प्रतिवेदनहरु अधययन गरिएको थियो । यस्ता लेख तथा प्रतिवेदनहरु IFES समेतबाट प्राप्त गरिएको थियो ।

(घ) **आयोगबाट भएका केही देशको अध्ययन भ्रमणको प्रतिवेदन साभार** : आयोगबाट पूर्व मतदान, अनुपस्थित मतदानका बारेमा टोलीहरु पठाई फिलिपिन्स, थाइल्याण्ड र गणतन्त्र कोरियाको अध्ययन गर्ने क्रममा समितिको कार्यक्षेत्रमा पर्ने विषयमा समेत थप

अध्ययन गरेकोले उक्त टोलीले दिएको प्रतिवेदनका मुख्य विषयको सारांशलाई यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### ५.२ तथ्याङ्क र श्रोत

विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न सम्भाव्यता अध्ययन समितिले प्राथमिक र द्वितिय तथा गुणात्मक र संख्यात्मक दुबै खालका तथ्याङ्क प्रयोग गरेको थियो । प्राथमिक तथ्याङ्क छलफल तथा अन्तरक्रियाबाट र द्वितिय तथ्याङ्क सन्दर्भ सामग्रीको अध्ययनबाट प्राप्त गरिएको थियो ।

### ५.३ अध्ययनको सीमा

विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न निर्वाचन आयोगले दिएको २ महिनाको समयावधि अपर्याप्त रह्यो । सामान्य संयोग नमूना छनौट (Simple Random Sampling) मार्फत विदेशबाट मतदान गर्न सकिने व्यवस्था गरेका केही देशमा स्थलगत अवलोकन तथा अन्तरवार्ता गरी अध्ययन गर्ने सम्भाव्यता अधययन समितिको योजना नेपाल सरकारले २०६९ मङ्सिर ७ गते हुने गरी अर्को संविधान सभा निर्वाचन घोषणा गरेको र सोको तयारीमा आयोग लाग्नु परेकोले अधुरै रह्यो ।

दुई महिनाको अवधि तथा सम्भाव्यता अध्ययन समितिका सदस्यहरुको दैनिक कार्य सम्पादन र यो सम्भाव्यता अध्ययन एकै साथ अघि वढाउनु पर्दा पर्याप्त समय यसमा दिन सकिएन । यि सबै कारणहरुले यस प्रतिवेदनलाई वर्तमान नेपालको अवस्थामा बाहेक अत्यन्त सावधानिपूर्वक सामान्यिकरण गर्दा उपयुक्त नै हुने देखिन्छ ।

# परिच्छेद - ६

## नेपालमा विदेशबाट मत दिने व्यवस्था

### ६.१ ऐतिहासिक अवस्था तथा वर्तमान स्थिति

नेपालको अन्तरिम संविधान २००७ ले २१ वर्ष उमेर पुगेका सबै नागरिकलाई मताधिकार प्रदान गरेको थियो । तर सम्बन्धित निर्वाचन क्षेत्रमा नबस्ने, मगज विग्रेका, अपराधी र गैर कानूनी कार्य गरी अयोग्य ठहरिएका नागरिकको मतदाता नामावलीमा दर्ता गर्न योग्य मानिंदैनथ्यो । नेपालमा वि.स. २००८ सालदेखि महिलालाई मतदान गर्ने र उम्मेद्वार हुने अधिकार प्रदान गरिएको थियो ।

वि.सं.२०३७ साल बैशाख २० गते भएको जनमत संग्रहमा विदेशस्थित मतदाताहरुका लागि सम्बन्धित देशस्थित नेपाली राजदुतावास, वाणिज्य दुतावासहरुमा मतदान केन्द्र राखिएको थियो । जनमत संग्रहमा विदेशमा रहेका सरकारी कर्मचारी, सरकारी वा संगठित संस्थाका कर्मचारी र यस्ता व्यक्तिका परिवारका सदस्यहरुले मत दिन पाउने व्यवस्था गरिएको थियो । विदेशमा रहेका यस्ता नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन नेपाली कुटनीतिक नियोगमा पासपोर्ट देखाई नाम दर्ता गराउन सक्दथे भने पासपोर्ट नहुनेले नेपाली कुटनीतिक नियोगहरुबाट परिचयपत्र वनाउन पर्ने व्यवस्था थियो ।

२०३७ को जनमत संग्रह बाहेक अन्य राष्ट्रिय तथा स्थानिय निर्वाचनहरुमा विदेशबाट मतदान गर्न सकिने व्यवस्था भएको पाईदैन । नेपाल सरकारले मूलतः २०४७ पछि खुला वजार नीति अवलम्वन गरिसकेको र विभिन्न मुलूकहरुमा अभीक निर्यात गर्न खुला पारिसकेको छ । साथै सरकारी तथा गैर सरकारी क्षेत्रबाट तालिम तथा अध्ययनका क्रममा विदेशमा बस्ने नेपालीको संख्या बढ्दै गएको पाइन्छ । गैर आवासीय नेपाली महासंघले निर्वाचन आयोगलाई सन् २०१२ मा दिएको प्रतिवेदन अनुसार अधिकत्तम नेपाली रहेका केही देशहरु निम्नानुसार छन् :-

| सि.नं. | देश | १८ वा सोभन्दा बढी उमेरका नेपालीको सम्भाव्य संख्या | जनसंख्याका आधारमा प्राथमिकता |
|---|---|---|---|
| १. | साउदी अरेविया | ६,००,००० | १ |
| २. | संयुक्त राज्य अमेरिका | ५,००,००० | २ |
| ३. | मलेसिया | ४,००,००० | ३ |
| ४. | कतार | ३,५०,००० | ४ |
| ५. | यु.ए.ई. | १,६०,००० | ५ |
| ६. | कुवेत | ७०,००० | ६ |
| ७. | युनाइटेड किङडम | ६५,००० | ७ |
| ८. | थाइल्याण्ड | ५०,००० | ८ |
| ९. | ओमान | ४५,००० | ९ |
| १०. | अष्ट्रेलिया | ४०,००० | १० |
| ११. | वहराइन | ४०,००० | १० |
| १२ | चीन | ३५,००० | ११ |
| १३. | जापान | २५,००० | १२ |
| १४. | हङकङ | २३,२३९ | १३ |
| १५. | द.कोरिया | १६,५०० | १४ |
| १६. | इरान | १५,००० | १५ |
| १७. | इजरायल | १२,००० | १६ |
| १८. | क्यानडा | ११,००० | १७ |
| १९. | ब्रुनाई | १०,००० | १८ |
| २०. | लेवनान | ७,००० | १९ |
| २१. | जर्मनी | ५,५०० | २० |
| २२. | मकाउ | ५,००० | २१ |
| २३. | पोर्चुगल | ४,५०० | २२ |
| २४. | यमन | ४,३०० | २३ |
| २५. | कम्वोडिया | ४,००० | २४ |

उक्त प्रतिवेदन अनुसार करिव ६१ देशमा करिव २५ लाख १८ माथिका छरिएर रहेका देखिन्छन् । सानो संख्याको उदाहरण लिने हो भने हङ्गेरी तथा जाम्विया जस्ता देशहरुमा लगभग २० जना अठार वा सोभन्दा बढी उमेर भएका नेपाली नागरिकहरु रहेका देखिन्छन् जसलाई जनसंख्याको आधारमा प्राथमिकतामा राख्दा उनान्चासौं (४९ औं) स्थानमा पर्दछन् । उच्च संख्यामा नेपाली नागरिक रहेका देशहरु जस्तै साउदी अरेविया, यु.ए.ई. तथा कतार जस्ता देशहरु स्वयंले तिनिहरुका नागरिकलाई विदेशबाट मत दिने व्यवस्था गर्न सकेको देखिंदैन । तसर्थ यस्तो वास्तविकता रहेको वर्तमान अवस्थामा त्यस्ता देशहरुमा अर्को देशको कुटनीतिक नियोगले मतदान प्रक्रियाको व्यवस्थापन गर्न सक्दछ वा त्यस्तो देशहरुले नियोगलाई सहयोग गर्दछन् भन्ने कुरामा विचार गर्नु पर्ने हुन्छ ।

### ६.२ विदेशबाट गरिने मतदान, मतदाता संख्या र सहभागिता

विदेशबाट गरिने मतदान, मतदाता संख्या तथा मतदान गर्न सकिने व्यवस्था कायम गर्न, त्यस देशमा रहेका नागरिकको संख्या तथा उनीहरुको निर्वाचनमा सहभागिता महत्वपूर्ण हुन्छ । न्यून संख्यामा नागरिक रहेका देशमा मतदाताको सहभागिता पनि न्यून हुने अवस्था रहन्छ भने अर्को तिर अधिक संख्यामा नागरिक रहेका देशहरुमा मतदान केन्द्रसम्मको दुरी तथा देशको राजनीति प्रतिको चाख र उनीहरुको वैधानिकता समेतले उनीहरुको सहभागितामा प्रभाव पार्दछ । अन्य कुरा यथावत रहेमा तथा पाँच हजारभन्दा माथि नेपाली मतदाता रहेका देशहरुमा विदेशबाट मतदान गर्न सकिने व्यवस्था गरिएमा हालको अवस्थामा लगभग २१ देशमा यो व्यवस्था गर्नु पर्ने हुन्छ । तर नेपाली कुटनीतिक नियोगको व्यवस्था तथा सम्बन्धित देशले समेत यो व्यवस्था गरि नसकेको अवस्थामा देशको संख्या घटाउँदछ । अर्को तर्फ शुरुको चरणमा मोजाम्विकले ९ देशबाट, सेनेगलले १५ देशबाट तथा डोमिनिकन रिपव्लिकले ५ र होण्डुरसले अमेरिकाका ६ शहरबाट शुरु गरेको तथ्यलाई विचार गर्दा संख्याकै आधारमा भन्दा पनि प्रशासनिक तथा व्यवस्थापकिय क्षमताका आधारमा ३ देखि ५ देशबाट शुरु गर्दा उपयुक्त हुने देखिन्छ ।

### ६.३ विदेशबाट गरिने मतदान तथा लागत व्यवस्थापन

विदेशबाट गरिने नामदर्ता तथा मतदान प्रक्रियाको सफल व्यवस्थापन गर्न मूलतः मानव साधन र आर्थिक श्रोतको भूमिका महत्वपूर्ण रहन्छ । कुटनीतिक नियोग मार्फत नामदर्ता तथा मतदान व्यवसथापन गराउदा स्वतः परराष्ट्र मन्त्रालयको क्षमता अभिवृद्धि, निर्वाचन व्यवस्थापन, निकायको व्यवस्थापकिय क्षमताको अभिवृद्धि तथा आर्थिक दायित्वको वहन क्षमता उच्च हुनै पर्दछ । यी सबै कुरालाई ध्यान दिंदा विदेशबाट गरिने मतदानको व्यवस्था गर्नु अघि आर्थिक दायित्व वहन गर्ने श्रोत निश्चित गर्नुपर्ने र सम्बन्धित संगठनहरुमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । आर्थिक श्रोत व्यवस्थापन तर्फ हेर्दा प्रायः विकाससिल राष्ट्रमा दातृ समुदायले सहयोग गरेको देखिन्छ ।

## ६.४ विदेशबाट गरिने नामदर्ता, मतदान तथा कानूनी व्यवस्था

विदेशबाट गरिने नामदर्ता तथा मतदान प्रक्रियालाई व्यवस्थित र वैधानिक वनाउन आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने हुन्छ । देशको क्षमता तथा नागरिकको माग अनुसार कस्ता देशमा यो व्यवस्था शुरु गर्ने, नामदर्ता कहाँ गर्ने र के आधारमा गर्ने, कुन मतदान प्रकृया अपनाउने, कुनकुन निर्वाचनमा विदेशबाट मतदान गराउने, निर्वाचन क्षेत्र कसरी निर्धारण गर्ने र विदेशमा रहेका नागरिकको नामदर्ता गराउने योग्यता तथा सीमा कानूनले नै निश्चित गर्नुपर्ने हुन्छ ।

विश्वमा प्रचलनमा रहेका विदेशबाट मत दिने तरिकाहरु मध्ये सम्बन्धित देशको दुतावास तथा कुटनीतिक नियोगमा गई दर्ता गराउने र त्यही गएर व्यक्ति स्वयंले मतदान गर्ने तरिका विभिन्न ५४ देशले प्रयोगमा ल्याएका छन् । यो तरिका बाहेक हुलाकबाट गरिने, विश्वास प्रदान गरी गरिने, विद्युतीय तथा फ्याक्स मार्फत गरिने मतदान पनि रहेका छन् । तर हाम्रो जस्तो देशको प्रविधिको विकासको स्तर, राजनीतिक तथा सामाजिक अवस्था ख्याल गर्दा व्यक्ति स्वयं उपस्थित भई कुटनीतिक नियोगमा गरिने मतदान उपयुक्त हुने देखिन्छ । त्यसै गरी

व्यवस्थापकिय क्षमता विचार गर्दा राष्ट्रियस्तरका निर्वाचन तथा जनमत संग्रहमा विदेशबाट गरिने नामदर्ता तथा मतदान कार्य सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ ।

### ६.५ विदेशबाट गरिने नाम दर्ता, मतदान तथा व्यवस्थापकीय पक्ष

हाम्रो जस्तो देश जहाँ अन्तर मन्त्रालय समन्वयमा समस्या, प्रशासनिक क्षेत्रमा राजनीतिकरण, खरिद प्रकृयामा हिनामिना तथा नीतिगत अस्थिरता व्याप्त रहेको छ त्यस देशमा विदेशबाट गरिने मतदान व्यवस्थापन प्रक्रिया चुनौतिपूर्ण छ । विदेशबाट मतदान गर्न सकिने व्यवस्था शुरु गर्नु पूर्व, निर्वाचन व्यवस्थापन अंगले देशभित्रको निर्वाचन व्यवस्थापनमा कति दक्षतापूर्वक सामग्री तथा अन्य साधन व्यवस्थापन गरेको छ भन्ने कुरा हेर्नु पर्दछ । देश बाहिरबाट मतदान गर्ने व्यवस्था शुरु गर्दा व्यवस्थापकिय दायरा फराकिलो हुन्छ । यस अवस्थामा निर्वाचन व्यवस्थापन निकायमा छुट्टै एकाई पनि आवश्यक पर्न सक्दछ । हाम्रो प्रसंगमा परराष्ट्र मन्त्रालय र यसका विदेशस्थित नियोग तथा दुतावाससँग राम्रो समन्वय र सम्पर्क स्थापना गर्नु पर्दछ । यसका लागि सूचना प्रवाहको तरिका, माध्यम तथा त्यसलाई आवश्यक पर्ने मानव साधनको पनि व्यवस्था गर्नु पर्दछ ।

### ६.६ विदेशबाट गरिने नामदर्ता, मतदान र सरोकारवालाहरुसँगको सहकार्य

विदेशबाट गरिने नामदर्ता तथा मतदान कार्यका मुख्य सरोकारवालाहरु राजनीतिक दल, विदेशमा रहेका मतदाता, निर्वाचन व्यवस्थापन अंग, मिडिया तथा देशभित्रका मतदाता र पर्यवेक्षणकर्ताहरु हुन् । सबै राजनीतिक दल तथा देश भित्रका सबै मतदाताको सहमति विना विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्दा मतदानको प्रकृया तथा मतपरिणामको विश्वसनियता प्रति विवाद पर्न सक्दछ । यसका लागि मतदान प्रकृया र पर्यवेक्षणकर्ताहरु र मिडीया स्पष्ट रुपमा परिभाषित हुनु पर्दछ । विदेशबाट गरिने मतदान प्रजातन्त्रको सर्वमान्य आधारमा पर्दैन भन्ने तथा विदेशबाट मतदान गर्ने व्यवस्था गर्नु पर्छ भन्ने दुबै खालका विचारहरु आइरहेको हालको अवस्थालाई सबै सरोकारवालाहरुको सहमतिमा टुङ्ग्याउनु पर्ने आवश्यकता छ । तत् पश्चात मात्र विदेशबाट नामदर्ता गर्ने तथा पर्ने आवशयकता छ । तत् पश्चात मात्र विदेशबाट नामदर्ता गर्ने तथा मतदान गर्ने सम्बन्धमा वस्तुगत प्रयास गर्न सकिने देखिन्छ ।

# परिच्छेद - ७

## सम्भावना, सुझाव तथा निष्कर्ष

### ७.१. सम्भावना

विश्वव्यापारिकरण, प्रविधिको विकास, बजारिकरण तथा खुला बजारको बढ्दो प्रभावलाई ध्यानमा राखी नेपाली नागरिकहरुलाई सरल र सहज सेवा उपलब्ध गराउनु पर्ने वर्तमान आवश्यकता हो । हालको Global Village को अवधारणा आइसेको अवस्थामा विदेशमा रहेका नेपाली नागरिकहरुको मताधिकार सुनिश्चित गर्दै देशको आर्थिक, सामाजिक तथा राजनीतिक विकासमा उनीहरुको योगदानको सम्मान गर्नै पर्दछ ।

अर्कोतिर देशमा चुलिंदै गएको हालको राजनीतिक तरलता, दिनादिनै नागरिकहरुमा बढ्दै गएको राजनीति प्रतिको वितृष्णा, राजनीतिक दलहरु बीचमा देखा परेको आन्तरिक तथा अन्तर मतभेद, दलहरुले आफ्नो प्रतिवद्धता कायम नगर्ने अवस्था, विकसित देशहरुमा श्रम बाहेक अन्य अवसरहरु तेश्रो विश्वका नागरिकहरुले नपाउने यथार्थले देशको राजनीतिक संकटदेखि हार मानेर विदेशिने परिपाटी देशको पर निर्भरता र जुन देशमा बढी नेपाली नागरिकहरु रहेका छन् सो देश स्वयंले विदेशबाट मत दिन सकिने व्यवस्था शुरु नगरेको यस्तो देशमा नेपालको कुटनीतिक पहुँच पनि कमजोर रहेको आदि तथ्यहरु वर्तमान अवस्थामा विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्ने कुराको प्रतिकुल भएर रहेका छन् ।

कुनै पनि देशले विश्व व्यवस्थाभन्दा बाहिर रहेर कार्य गर्न सक्दैन । नेपाल वर्तमान विश्व व्यवस्था तथा विश्वव्यारिकरणको प्रक्रियामा भर्खरै मात्र प्रवेश गर्दै रहेको पाइन्छ । राष्ट्रिय राजनीतिमा देशभित्रकै सर्वसाधारण नागरिकहरुको पहुँच न्यून देखिएको छ । विदेशबाट मत दिने परिपाटी सञ्चालन गर्दा वित्तिय भार गुणात्मक रुपमा बढ्ने तथ्य बाहिर आएकै छ । अर्का तर्फ कुनै पनि देशमा रहेको नेपालको नियोग तथा दुतावास मुख्य सहरमा रहने तर श्रम बेच्न विदेशियका नेपाली नागरिक प्रायः अर्ध सहरी र ग्रामीण क्षेत्रमा रहेको तथ्य पनि स्पष्टै छ । यसर्थ हालकै अवस्थामा विदेशमा रहेका नेपालीलाई मताधिकार प्रदान गर्दा त्यो दुरी पार गरेर नेपाली नागरिकहरुले मतदानमा सहभागिता जनाउद छन् भन्ने विषय पनि महत्वपूर्ण छ । तर भुमण्डलीकरणको अवस्थामा भौगोलिकता भन्दा माथि उठेर विचार गर्नु पर्ने हुन्छ । नागरिकको

मागलाई सहि सम्बोधन गर्नु पर्दछ र छिटोभन्दा छिटो विदेशबाट समेत मतदान गर्न सकिने अवस्था सृजना गर्नु पर्दछ ।

विदेशमा रहेका नेपालीहरुले नेपालमा मतदान गर्न सक्ने अवस्थाको सिर्जना गर्न मूलतः देहायका विषयमा ध्यान दिनु आवश्यक छ :

(१) **आवश्यक पर्ने नीतिगत व्यवस्था** : विदेशमा बसोबास गर्ने नेपालीलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने र विदेशबाटै देशमा हुने निर्वाचनमा भाग लिने अवसर प्रदान गर्न आयोग, नेपाल सरकार, राजनीतिक दलहरु र अन्य सरोकारवालाहरुका बीच पर्याप्त छलफल भई स्पस्ट रणनीति सहितको राष्ट्रिय नीतिको आवश्यकता पर्दछ ।

(२) **उपयुक्त कानूनी व्यवस्था** : विद्यमान संविधान, निर्वाचन सम्बन्धी कानून र नियमहरुमा संशोधन गरेपछि मात्र विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरुको मतदाता नामावलीमा नाम दर्ता गर्ने र उनीहरुलाई मतधिकारको अवसर दिने व्यवस्था गर्नु पर्ने हुन्छ ।

(३) **कार्यान्वयन गर्ने संस्थागत संरचना** : विदेशमा रहेका नागरिकको लागि मतदाता नामावली दर्ता गर्ने र विदेशबाटै मतदान गर्ने व्यवस्थाका लागि आवश्यक संयन्त्रको व्यवस्था गर्नु पर्ने हुन्छ । नेपालको सन्दर्भमा २८ देशमा मात्र नेपाली नियोग रहेको अवस्थामा कस्तो संयन्त्र बनाउने र नाम दर्ता तथा मतदानको व्यवस्था गर्ने भन्ने सम्बन्धमा विशेष ध्यान दिनु पर्ने हुन्छ ।

(४) **कार्यान्वयन गर्ने प्रक्रिया** : निर्वाचन प्रणाली के हुने, कस्तो निर्वाचनमा विदेशमा रहेका नागरिकले भाग लिन पाउने र कसरी स्वच्छ र विश्वसनीय निर्वाचन गर्ने भन्ने जस्ता विषयहरुमा पनि स्पस्ट प्रक्रिया निर्धारण गर्नु आवश्यक हुन्छ ।

(५) **स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन व्यवस्थापनमा प्रस्तुत विषयबाट पर्ने असर तथा प्रभाव** : मतदान प्रक्रिया अत्यन्तै संवेदनशील भएको हुँदा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचनको प्रत्याभूति हुने किसिमको व्यवस्था आवश्यक पर्छ ।

(७) **आवश्यक पर्ने आर्थिक दायित्व र सोको श्रोत** : नेपाल जस्तो देशको लागि विदेशमा रहेका नागरिकको नाम दर्ता र मतदानको अवसर गराउने कार्य चुनौतिपूर्ण रहेको छ ।

## ७.२ सुझावहरु

विदेशमा रहेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गर्ने सम्बन्धमा गरिएको अध्ययन अनुसार निम्न अनुसार सुझावहरु दिन सकिन्छ :-

### ७.२.१ तत्कालीन सुझाव

(१) विदेशबाट मतदान गर्ने व्यवस्था गर्ने विषयले नेपाली राजनीतिमा खासै ठाउँ पाउन नसकेको अवस्थामा यस विषयलाई सबै राजनीतिक दल, तिनका भातृ संगठन, सञ्चार माध्यम तथा सबै नागरिकका बीच लगेर सबैले औपचारिक रुपमै ठोस सहमति गर्नु पर्ने ।

(२) विदेशबाट मतदान गर्न सकिने सम्बन्धमा खास व्यवस्था गर्नु अघी विदेशबाट नाम दर्ता गर्न सकिने व्यवस्था गर्नु पर्ने ।

(३) विदेशबाट मतदान गर्न सकिने सम्बन्धमा कानूनी रुपमै कुन निर्वाचनमा मतदान गराउने, कुन विधि अपनाउने, मतदाताको योग्यता के के हुने र समग्र व्यवस्थापनको मार्फत कसले गर्ने स्पष्ट गर्नु पर्ने ।

(४) बढीमा ५ वटा देशमा विदेशमा रहेका नेपालीलाई मत दिने व्यवस्था मिलाई परीक्षण कार्यक्रम शुरु गर्ने । यसका लागि नेपाली नागरिकको संख्या उच्च रहेका र परराष्ट्र तथा कुटनीतिक सम्बन्ध प्रभावकारी रहेका देशहरुको छनौट गर्ने ।

### ७.२.२ दीर्घकालीन सुझाव

(१) निर्वाचन आयोगले विदेशबाट गरिने मतदानको व्यवस्थापन गर्न मानव साधनको विकास गर्दै संस्थागत क्षमता अभिवृद्धि गर्दै जाने ।

(२) नेपाल सरकारले देशको कुटनीतिक क्षमता अभिवृद्धि गर्दै निर्वाचन व्यवस्थापन गर्न आवश्यक पर्ने बजेटको व्यवस्था गर्ने ।

## ७.३ निष्कर्ष

# सन्दर्भ सामग्रीहरु


1. **"Absentee Voting for Nepali Diaspora, A Report",** Submitted to: Committee on Studying the Feasibility of Absentee Voting For Nepali Diaspora Formed by Election Commission of Nepal, Submitted by:Jiba Lamichhane, President, NRNA, April 26, 2012.

2. Andrew Ellis, Carlos Navarro, Isabel Morales, Maria Gratschew, Nadja Braun (2007) **"Voting from Abroad, *The International IDEA Handbook*",** International IDEA , S-103 34 Stockholm, Sweden.

3. Constance Andrew Kaplan,(....) "**Problems and Challenges in the Administration of External Voting Programs, the US Case"**

4. Peter Erben, Ben Goldsmith, Aysha Shujaat (April 2012) **" Out-of-Country Voting: A Brief Overview",** International Foundation for Electoral Systems, 1850 K Street, NW, Fifth Floor' Washington, DC.

5. लोक दर्शन पण्डित (२०६७ पौष) **नेपालको संसदीय निर्वाचन दर्पण**, मुद्रणः सोपान प्रेस प्रा.लि. डिल्लीबजार ।

6. निर्वाचन आयोगबाट फिलिपिन्स्, थाइल्याण्ड र गणतन्त्र कोरियामा खटिएका टोलीले प्रस्तुत प्रतिवेदनहरु ।

7. विभिन्न देशका निर्वाचन आयोगका वेव साइटहरु ।